### भारतीय अवरोध रोक्न माग

काठमाडौं । रूपन्देहीको नेपाल-भारत सिमानाका बेलहिया-सुनौलीमा भारतीय सुरक्षाकर्मीले अवरोध पुऱ्याइरहेका छन् । यसबाट व्यवसायीहरुलाई अप्ठेरो परेको भन्दै अवरोध हटाउन माग गरेका छन् । यसै विषयलाई लिएर सिद्धार्थ उद्योग वाणिज्य संघले भैरहवामा आयोजना गरेको नाकाको असहजताबारे छलफल कार्यक्रममा भारतीय दूतावासकी वाणिज्यतर्फको प्रथम सचिव मैथिली झासँग सीमा अवरोधबारे सचेत गराएका छन् । झाले यस क्षेत्रका उद्योगी व्यवसायीहरूले आफूहरूसँग सहकार्य गरेको बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

### डीभी चिठ्ठा खारेज गर्ने ट्रम्पको प्रस्ताव

काठमाडौं । राष्ट्रपतिमा निर्वाचित भएसँगै आतंकवादी संगठनसँग जोडिएका देशका डीभी परेका नागरिकलाई अमेरिका प्रवेशमा रोक लगाउँदै आएका डोनाल्ड ट्रम्पले डीभी (डाइभर्सिटी भिसा) अर्थात् स्थायी आवास अनुमति चिठ्ठाको कार्यक्रम रद्ध गर्ने संसदमा प्रस्ताव गरेका छन् । अमेरिकी संसद ह्वाइट हाउसमा ट्रम्पले यस्तो प्रस्ताव गरेका हुन् । तर यसपटक पनि धमाधम डिभी भर्नेहरुको भीड लागिरहेको छ ।

डीभी चिठ्ठामार्फत् अमेरिकाले विभिन्न देशका ५० हजार नागरिकलाई स्थायी आवास अनुमति बाँकी ८ पेजमा


वर्ष ६ अंक २८, २०७४ साल कात्तिक १७ गते शुक्रबार, नेपाल संवत् ११३८ (Nov. 3, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# कम्युनिस्ट अधिनायकवादको हाउगुजी

काठमाडौं । मुलुक यतिबेला चुनावमय देखिएको छ । आगामी मंसिर १० र २१ गते हुने प्रदेशसभा र संसदको निर्वाचनमा भाग लिने उम्मेदवारहरुको नाम दलहरुले लगभग टुंगो लगाएका छन् । दोस्रो चरणअन्तर्गत ४५ जिल्लाका प्रतिनिधि सदस्यतर्फ १२८ निर्वाचन क्षेत्र र प्रदेशसभातर्फ २५६ वटा निर्वाचन क्षेत्रका लागि हिजो मनोनयन दर्ता भएको छ । दोस्रो चरणमा एक करोड ९८ हजार ८५२ मतदाताले मताधिकार प्रयोग गर्नेछन् । यस पटकको चुनाव वामगठबन्धन र लोकतान्त्रिक गठबन्धनबीच रोचक प्रतिस्पर्धा हुँदैछ । विगतका चुनावमा दलहरु एक्लाएक्लै चुनावी दौडमा होमिने गर्थे भने यो निर्वाचनमा वामपन्थी शक्तिहरु र लोकतान्त्रिक शक्ति भन्न रुचाउने कांग्रेस राप्रपा लगायतका दक्षिणपन्थी शक्तिहरु मोर्चाबद्ध रुपमा भिड्दैछन् । वामगठबन्धन र लोकतान्त्रिक गठबन्धनबीचको चुनावी प्रतिस्पर्धालाई अन्तर्राष्ट्रिय जगतले समेत चासोपूर्वक नियालिरहेको छ ।

एमाले र माओवादी केन्द्रबीच चुनावी तालमेल गर्दै पार्टी एकता गर्ने सहमति भएपछि विशेषतः नेपाली कांग्रेस सबभन्दा बढी आत्तिएको छ । कांग्रेसको चुनावी घोषणापत्रमा समेत वामगठबन्धनलाई अधिनायकवादको हाउगुजीका रुपमा उल्लेख गरिएको छ । देशको समृद्धि कांग्रेसले मात्र गर्न सक्ने दाबी गर्दै कांग्रेसले हारे देशले हार्ने हास्यास्पद दाबी गरिएको छ । कांग्रेसले नै देशमा शान्ति र संविधान ल्याएकाले अब समृद्धिको नेतृत्व पनि कांग्रेसले मात्र गर्न सक्ने भ्रमात्मक प्रचार गरिँदैछ । वामगठबन्धनको अभिष्टता कम्युनिस्ट अधिनायकवाद भएकाले लोकतन्त्रमाथि खतरा आएको कांग्रेसको विश्लेषण देखिन्छ । कांग्रेस माने नेपाल, नेपाल माने कांग्रेसको दलील नेपाली कांग्रेसले गरिरहेको छ ।

०४६ सालको राजनीतिक परिवर्तनपछि आजपर्यन्त कांग्रेसले




नै सबभन्दा बढी समय सत्ताको नेतृत्व गर्दै आएको छ । कांग्रेस शासनकालमै नेपाल संसारकै सबभन्दा दरिद्र र भ्रष्ट मुलुकको सूचीमा सूचीकृत बन्न पुगेको छ । कांग्रेसले राष्ट्रियताको कुरा गर्छ तर यसको इतिहास नै सधैं राष्ट्रियतामा चिप्लिएको पाइन्छ । समाजवादलाई आदर्शताको रुपमा लिएको छ । आखिर आर्थिक उदारीकरण र निजीकरणको नीति अख्तियार गरी नोकरशाही पुँजीवादको मार्गमा हिँडिरहेको छ । देशका ठूला उद्योगधन्दाहरु कौडीका मूल्यमा निजी व्यापारीहरुलाई बेचेर कांग्रेसले देशको अर्थतन्त्रलाई नै थला पारेको स्मरणीय छ । राष्ट्रिय पुँजीपति वर्गको विस्थापन र नोकरशाही पुँजीपति वर्गको उदय नै कांग्रेसी समाजवादको असली परिभाषा बनेको छ । लोकतन्त्रको अर्थ छाडातन्त्र होइन । कांग्रेसले लगाएको लोकतन्त्रको नकावभित्र कांग्रेसी हुकुमतबाहेक अरु केही छैन । गरिबी, भ्रष्टाचार, कालोबजारी, गुण्डागर्दी, अराजकता र कुशासन नै कांग्रेसी शासनकालका उपलब्धि हुन् । तिनै कांग्रेसी नेताहरुले देश विकास र समृद्धिको गफ चुट्नु जनतालाई बेबकुफ बनाउने उही सनातनी चाला मात्र हो ।

राजनीतिलाई नेताहरुले जब व्यवसाय बनाउँछन् देश कहिल्यै उँभो लाग्दैन । राजनीति त विशुद्ध जनसेवा हो । जनताको हित र समृद्धिका लागि यदि दलहरुले राजनीति गर्थे त नेपाल आज विश्व विरादरीको हैसियतमा धेरै पहिले पुगिसक्थ्यो । नेपालमा नेताहरु धेरै भए तर राजनेता कोही भएनन् । देश नै बन्ने आधार नभएको सिंगापुरुलाई लिक्वानले विश्वकै समृद्ध मुलुक बनाए । सिंगापुरका तत्कालीन प्रधानमन्त्री गोचेकतोङले सन् २००२ मा राज्यका पाँच मान्यताहरुको घोषणा गरेका थिए । समुदायभन्दा माथि राष्ट्र, व्यक्तिभन्दा माथि समाज, व्यक्तिलाई सम्मान, द्वन्द्वको बदला सहमति र जातीय प्रादेशिक सामन्जस्यता । नेपालका कुनै पनि नेताहरुले यसलाई आत्मसात गर्न सकेका छैनन् । कुनै समय भोकमरीले गाँजेको दक्षिण कोरियालाई चुनहुईले विश्वकै उत्कृष्ट राज्यको श्रेणीमा उभ्याए । जापानी उपनिवेशवादले थिलथिलो बनाएको चीनलाई माओले विकासको राजमार्गमा डोऱ्याए । देङसियाओ पिङले समृद्ध चीन बनाए । अहिले सी जिन पिङ चीनलाई विश्वकै महाशक्ति राष्ट्र बनाउन लागिपरिरहेका छन् । उनले चीनमा भ्रष्टाचारलाई निरुत्साहित मात्र गरेका छैनन् भ्रष्टाचारी नेताहरुलाई जेलमा कोचेका छन् । दक्षिण अफ्रिकालाई नेल्सन मण्डेलाले विकासको शिखरमा पुऱ्याए । जर्मनलाई मर्केलले युरोपकै समृद्ध मुलुकमा रुपान्तरण गरिसके तापनि युद्धले क्षतविक्षत बनेको भियतनामलाई होचिमिन्हले विकासको पथमा डोऱ्याए । नेपाल जो कहिल्यै कसैको उपनिवेश भएन जसले स्वतन्त्रता दिवस मनाउन परेको छैन फेरि किन संसारकै गरिब र भ्रष्ट राष्ट्र बन्न पुग्यो ? जवाफ सरल छ, राजनेता भएनन् ।

प्रदेशसभा र प्रतिनिधिसभाको आगामी निर्वाचनमा पनि दलहरुले प्रायशः बासी अनुहारहरुलाई नै उम्मेदवार बनाएका छन् । जनताले तिनबाट के अपेक्षा गर्ने ? बाम-कांग गठबन्धनमध्ये जसले बहुमत ल्याए पनि त्यसले मुलुकको कायापलट हुनेवाला छैन । यिनका घोषणापत्रमा विकासका आकर्षक नाराहरु त छन् तर कार्यान्वयन हुनेछैन भन्ने आम बुझाइ छ । कांग्रेस र वामपन्थी दुवैको शासनलाई जनताले भोगिसकेका छन् । मनमोहन अधिकारीको सय रुपैयाँको र

ाजनीति बोकेर एमाले विकासको डिङ फलाकिरहेको छ । भारतीय नाकाबन्दीका बेला चीनसँग पारवहन सम्झौता गरेर भारतसँग टक्कर लिएका तत्कालीन प्रधानमन्त्री केपी ओलीबाहेक अन्य एमाले नेताहरुको देश र जनताप्रतिको योगदान शून्य छ । ओलीको राष्ट्रवादी त्यही कामलाई चुनावमा एमालेले भजाउँदैछ । माओवादी केन्द्रसँग त चुनावी मसला समेत छैन । स्थानीय तह प्रथम चरणको निर्वाचन गराएको जस मतदातामा बाँड्दैछ माओवादी केन्द्रले । भन्न त माओवादीहरु संघीयता गणतन्त्र र धर्मनिरपेक्षता हाम्रो देन भनिरहेका छन् । यी एजेन्डामा कांग्रेस एमाले सहमत नभएका भए सम्भव पनि थिएन । युगान्तकारी परिवर्तनमा सबभन्दा बढी देन नेपाली जनताको छ । कुनै दल विशेष र नेताहरुको होइन । जनआन्दोलनका सहिद र बाँकी ८ पेजमा

## बलिको बोका बनाइयो



काठमाडौं । माओवादीले एक दशक लामो समयसम्म चलाएको जनयुद्धमा झन्डै १७ हजार नेपाली नागरिकले ज्यान गुमाएका थिए । दोहोरो भिडन्तमा परेर मर्ने सेना, पुलिस र माओवादी छापामारबाहेक दुवैतर्फबाट ठूलो संख्यामा गैरन्यायिक र अमानवीय हत्याकाण्ड मच्चाइएका थिए । सुराकीको आरोपमा माओवादीले धेरैको हत्या गऱ्यो भने गस्तीमा हिँडेका सेना, पुलिसले दोहोरो भिडन्तको नाममा निर्दोष नागरिकको समेत ज्यान लियो । जनयुद्धकै दौरानमा निर्दोष नागरिक उज्जन श्रेष्ठ पनि मारिए । यस घटनामा मुख्य आरोपीको रुपमा बालकृष्ण ढुंगेल परे र अदालतले उनलाई दोषी करार गरी सर्वस्वसहित जन्मकैदको फैसला गऱ्यो । जनयुद्धको समयमा घटित घटना भएका कारण सत्य निरुपण तथा मेलमिलाप आयोगअन्तर्गत टुंगो लगाउनुपर्ने तर्क माओवादी पक्षले गरे पनि अदालतको फैसला कार्यान्वयनको लागि पीडितको परिवार र मानव अधिकारवादीहरुले निरन्तर दबाब दिइरहे । अहिले निर्वाचनको मुखमा बाँकी ८ पेजमा

## चुनावको बेला भारतीय सुटरको आतंक

काठमाडौं । सुरक्षा निकायको ध्यान निर्वाचनतर्फ केन्द्रित भइरहेको अवस्थामा काठमाडौं उपत्यकामा ठूलै घटना घटाउने योजनाका साथ भारतीय सुटरहरु प्रवेश गरेकोमा कमलादीमा पक्राउ परेका छन् । बुधबार दिउँसो कमलादीस्थित ज्याक डेनिस डान्सबाट दुई जना युवा भागिरहेको अवस्थामा प्रहरीले पिछा गर्दै पक्राउ गरेपछि भारतीय सुटर रहेको खुलेको छ । प्रहरीले जनाएअनुसार पक्राउ पर्नेहरुबाट एउटा आधुनिक पेस्तोल, चारवटा म्यागजिन र ५१ राउन्ड गोली बरामद भएको छ ।

पक्राउ पर्ने व्यक्तिहरु भारत पञ्जावका जसवीर सिंह र शरदेवेन्द्र सिंह रहेका छन् । उनीहरुको साथबाट पञ्जाव पुलिसको परिचयपत्र पनि फेला परेको छ । तिनीहरु रक्सौल नाकाबाट निजी कारमा हतियारसहित नेपाल भित्रिएका थिए । डान्सबारमा दुईजना यौनकर्मी केटीहरुसमेत मगाएर बियर



पिएका उनीहरुले २२ हजारको बिल आएपछि बिल बढी भयो भन्दै झगडा गर्ने क्रममा पेस्तोल निकाल्दा लोड भएको पेस्तोलबाट गोली पड्किएको थियो । गोलीले कसैलाई नलागे पनि उनीहरु आत्तिएर त्यहाँबाट भागेका थिए । सेतो रङको बीपी १० एफएस ७४४९ नम्बर मारुती सुजुकी कार पनि प्रहरीले होटलबाट बरामद गरेको छ । प्रहरीले दुवैजना व्यावसायिक सुटर भएको आशंका गरेको छ । काठमाडौंमा यसअघि भएका विभिन्न हत्याकाण्डहरुमा भारतीय सुटर प्रयोग हुँदै आएका छन् र नेपाल प्रहरीले तिनीहरुलाई पक्राउ गर्न सकेको छैन । मिर्जा दिलसाद वेग, जमिम शाह, फैजान अहमदलाई हत्या गर्न गोली चलाउनेहरु पनि भारतीय सुटर रहेको प्रहरीले अनुसन्धान गरे पनि पक्राउ गर्न सकेन । भारत पञ्जावकै मनमित सिंह भाटिया केन्द्रीय कारागारमा युनुस अन्सारीको हत्या गर्न पेस्तोलसहित पुगेर गोली चलाउन लाग्दा पक्राउ परेका थिए । भाटिया भारतीय प्रहरी भएको समेत खुलेको थियो ।

गत असोज २२ गते पनि प्रहरीको विशेष ब्युरोले भारतीय नागरिक दीपकुमार श्रीवास्तव र रञ्जन कुमार यादवलाई हतियारसहित बौद्धबाट पक्राउ गरेको थियो । त्यसो त भारतीय सुरक्षाकर्मीहरु समेत हतियारसहित नेपाल प्रवेश गरेर बाँकी ८ पेजमा

## व्यापार घाटा बढ्दै

काठमाडौं । चालू आर्थिक वर्षको भदौ मसान्तसम्ममा मुलुकको कुल व्यापार घाटा ११ दशमलव ८ प्रतिशतले बढेर १ खर्ब ५१ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ४८ दशमलव १ प्रतिशतले बढेको थियो । नेपाल राष्ट्र बैंकका अनुसार यस अवधिमा निर्यात-आयात अनुपात ८ दशमलव २ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८ दशमलव ८ प्रतिशत थियो ।

राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा निर्यात-आयात अनुपात ८ दशमलव २ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८ दशमलव ८ प्रतिशत थियो । आर्थिक वर्ष २०७४/०७५ को प्रथम दुई महिनामा कुल वस्तु निर्यात ३ प्रतिशतले बढेर १३ अर्ब ५८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ७ दशमलव ७ प्रतिशतले वृद्धि भएको थियो ।

## कार्यकर्ता पोस्न खोलियो ढिकुटी

काठमाडौं । मुलुक निर्वाचनमय भएको छ । निर्वाचनको समयमा सरकारले के गर्नुहुन्छ के गर्नुहुँदैन भन्नेबारे निर्वाचन आयोगले आचारसंहिता जारी गरेको छ । तर यो आचारसंहिताको धज्जी उडाउने काममा प्रधानमन्त्री र उनको सिंगो क्याबिनेट लागिपरेको छ । आचारसंहिता विपरीत कांग्रेसी कार्यकर्ता पोस्न राष्ट्रिय ढिकुटीबाट ४ करोड ५८ लाखभन्दा बढी रकम गृह मन्त्रालयमार्फत वितरण गरिएको छ ।

देशमा पार्टीका नेता, कार्यकर्ता मात्र बिरामी, रोगी र असहाय छैनन् । बिरामी पर्दा सिटामोल र जीवनजल नपाउने जनता पनि लाखौं छन् । गिठ्ठा भ्याकुरको भरमा बाँच्ने जनता थुप्रै छन् । लाखौं भूकम्पपीडित पालमा कष्टकर जीवन बाँचिरहेका छन् । तर प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय ढिकुटीबाट ५० हजारदेखि १० लाखसम्म दिएर केवल आफ्ना हनुमानहरुको भरणपोषण गरेका छन् ।

गत कात्तिक ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले ३ सय १० जना कार्यकर्तालाई गृहमन्त्रालयमार्फत आर्थिक सहायता बाँकी ८ पेजमा

## हङकङमा नेपाललाई ५ स्वर्ण

काठमाडौं । हङकङमा सम्पन्न क्योरोगी तथा पुम्से अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपमा नेपालले ५ स्वर्ण ४ रजत र २ कांस्य जितेको छ । हङकङको सिउ साइवान स्पोर्ट्स सेन्टरमा भएको एकदिने प्रतियोगितामा नेपालबाट चार पुरुष र दुई महिला खेलाडीले विभिन्न स्पर्धामा प्रतिस्पर्धा गरेका थिए । त्यसमा एक खेलाडीमात्र पदकविहीन भएका छन् । पुरुष एकल पुम्सेमा नेपालका टिम प्रशिक्षक अशोक खड्काले स्वर्ण जितेका छन् भने चीनका यिपचिङ क्वान दोस्रो तथा नेपालका नन्द विष्ट तेस्रो भएका छन् । तर नन्दले ६८ केजीमुनि बाँकी ८ पेजमा

समय-सन्दर्भ |

## पार्टी एकताको उधारो सहमति

राजेन्द्र शर्मा

प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनपछि एमाले र माओवादी केन्द्रबीच पार्टी एकता गर्ने उधारो सहमति हास्यास्पद छ । संगठनात्मक र सैद्धान्तिक एकतालाई थाँती राखेर नेताहरुको भागबन्डामा पार्टी एकताको कुरा हुनुले एकता भाँडिने सम्भावना त्यत्तिकै छ । फेरि एकता टुप्पोबाट होइन जगबाट हुनुपर्ने हो । पहिले पार्टी एकता गरेर चुनावमा नजानु, चुनावी तालमेल गर्नु तर अलग अलग चुनाव चिन्ह बोकेर चुनाव लड्नुले एकतामाथि आशंका उब्जाएको छ । चुनावको मत परिणाम हेरेर एकता गर्नु भनेको एकले अर्कोलाई अविश्वास गर्नु हो । चुनावमा एमालेले माओवादी



केन्द्रलाई माओवादी केन्द्रले एमालेलाई इमानदारीपूर्वक सघाएर भने एकता आफैं भाँडिने निश्चित छ ।

नेपाली राजनीतिमा उधारो प्रवृत्तिले भाँडभैलो मच्चाउने गरेको छ । पहिलो संविधानसभाको निर्वाचनपछि माओवादीले गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाउने उधारो सहमति गऱ्यो । गिरिजा राष्ट्रपति बन्ने लोभले गणतन्त्रमा गए । कांग्रेसको सिद्धान्त गणतन्त्र थिएन । स्थापनाकालदेखि नै कांग्रेसले संवैधानिक राजतन्त्रलाई स्वीकार्दै आएको थियो । राजा महेन्द्रसँगको सम्बन्ध बिग्रिएपछि पनि बीपी कोइरालाले गणतन्त्र भनेनन् । ०१७ साल पुस १ गतेको फौजी काण्डपछि राजा महेन्द्रले बीपीलाई शान्ति सुरक्षा ऐनअन्तर्गत आठ वर्षसम्म सुन्दरीजलमा कैद गरे । यद्यपि बीपीले राजालाई संविधानमाथि होइन, संविधानभित्र राखिनुपर्ने धारणा सार्वजनिक गरे । ०३३ सालमा तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीले बीपीलाई भारतबाट लखेटेपछि शान्ति तथा मेलमिलाप भन्दै उनी काठमाडौं फर्किए । राजाको र मेरो गर्धनसँगै जोडिएको छ । बीपीले भनेका थिए । शान्ति तथा मेलमिलापको अर्थ नै राजासँगको सम्बन्ध सुमधुर बनाउनु थियो । तर उनकै सहोदर भाइ गिरिजाले संवैधानिक राजतन्त्रको आदर्शतालाई धोती लगाइदिए ।

माओवादीले गिरिजालाई राष्ट्रपति स्वीकारेन । रामराजाप्रसाद सिंहलाई राष्ट्रपतिको उम्मेदवार बनायो । माओवादीले माधव नेपाललाई पनि राष्ट्रपति बनाउन उधारो सहमति गरेको थियो तर त्यसको पालना गरेन । आखिर गणतन्त्र नेपालको पहिलो राष्ट्रपति कांग्रेसकै रामवरण यादव भए । रामराजाप्रसाद सिंहले बेइजजतीपूर्ण पराजय व्यहोर्नु पऱ्यो । दोस्रो संविधानसभाको निर्वाचनपछि कांग्रेस सभापति सुशील कोइरालालाई एमालेले प्रधानमन्त्रीमा समर्थन गऱ्यो । संविधान जारी भएपछि सुशीलले बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

# कतै १२ बुँदे उल्टने त होइन ?



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

संसदीय व्यवस्था भनेको खसीको टाउको देखाइ कुकुरको मासु बेच्ने व्यवस्था हो भन्दै तत्कालिन एकता केन्द्रको एक समूहले आफूलाई एकता केन्द्रबाट अलग गरी नेकपा माओवादी भन्दै शेरबहादुर नै प्रधानमन्त्री भएको बेलामा जनयुद्धको थालनी गऱ्यो । जनयुद्धको थालनी गर्दा यसले जनयुद्ध देशीय सामन्तवाद (राजतन्त्र) को अन्त्य र जनगणतन्त्रको स्थापना र भारतीय विस्तारवाद विरुद्धमा लक्षित थियो र यस उद्देश्य प्राप्तिका लागि भारतसँग बंकर युद्ध गर्न जनसेना तयार भएको झ्याली पनि पिटेकै थियो । तर कालान्तरमा एक उचाइमा पुगेको यो जनयुद्धलाई भारतद्वारा निर्देशित १२ बुँदे सम्झौतामा लगेर अन्त्य गरियो कांग्रेस, माओवादी र एमालेको अगुवाइमा । क्रान्तिकारी भनाउँदाहरु पुनः ससदीय भाषमा जाकिन आइपुगे ।

भारतीय विस्तारवादको उत्पीडन झनै बढेर गयो । सीमा मिच्ने कार्यलाई यसले तीव्र रुपमा अगाडि मात्र बढाएन, सीमा नाघेर दिनदहाडै नेपालीको हत्या पनि गर्न थाल्यो । १२ बुँदेमा हस्ताक्षर गर्नेहरु कानमा तेल हालेर बसे । जसरी जनसेना शाही सेनामा गएर मिसियो निद हराम हुन जाँदा उनले एक्कासी एमालेसँग एकता गर्ने निर्णय लिए । यो एकताले कांग्रेसलाई त्रसित बनायो । कतै बामहरुले दुईतिहाइ बहुमत ल्याई संविधान संसोधन गरी समाजवादको नाममा चीन, उत्तरकोरिया वा क्युवाको जस्तो एक दलीय तानाशाही लाद्ने त

**कतै बामहरूले दुईतिहाइ बहुमत ल्याई संविधान संसोधन गरी समाजवादको नाममा चीन, उत्तरकोरिया वा क्युवाको जस्तो एक दलीय तानाशाही लाद्ने त होइन भन्ने डरले कांग्रेसलाई सताएको छ**

होइन भन्ने डरले कांग्रेसलाई सताउन सुरु गर्दा यसले १२ बुँदेमा आफूले गरेको हस्ताक्षर बिर्सियो । राजाको घाँटी र मेरो घाँटी जोडिएको छ भन्ने आफ्ना महामानव विश्वेश्वरले भनेको कुरा सम्झियो । यही मौका छोपेर आवश्यकता परे आफू शासनको जिम्मा लिन तयार भएको उद्घोष ज्ञानेन्द्रले पनि गर्न भ्याइ हाले । चुनाव जित्न त मनी, मसल, मास सबै चाहियो । करोडौं लिएर विनोद चौधरी जस्तालाई टिकट बेच्न अनि

त्यसै गरी क्रान्तिकारी नेताहरु भ्रष्टाचार, फरियावाद र असक्षमताको पंचायती आहालमा डुब्न पुगे । यसैकारण माओवादी फुट्यो अनि प्रचण्ड, बाबुराम, वैद्य र विप्लव चारजना चार दिशातिर फर्किए ।

आगामी चुनावमा शर्मनाक पराजय भयो भने जनयुद्ध कालमा गरिएको नरसंहारको जिम्मा लिनु पर्ला र अन्तर ाष्ट्रिय अदालत हेगको कठघरामा उभिन जानु पर्ला भन्ने डरले प्रचण्डको जनताको मन जित्न ढुंगेललाई जेलमा कोच्न पछि परेन कांग्रेस । माओवादीहरु कारबाहीमा पर्दा आफूहरु पनि कारबाहीमा पर्ने डरले विप्लवलाई पनि चिन्ताले सतायो । उनले पनि यसको विरोध गरे । अर्कोतिर ढुंगेललाई नछोडे कांग्रेस र पंचलाई तह लगाउने उद्घोष बाईसीएलले गरेको परिप्रेक्ष्यमा चुनावको मुखमा आउँदा देश गृहयुद्धको चपेटामा पर्ने छाँट देखिन लागेको र शेरबहादुरले कतै सेना प्रमुखकै सहयोगमा कू गरी ज्ञानेन्द्रलाई पुन सिंहासनमा राख्ने त होइन भन्ने अड्कलबाजीहरु बजारमा ब्याप्त हुन थालेको छ ।

एक्कासी राजतन्त्रको पुनर्वहाली र हिन्दुराज्यको माग गर्दै राजधानीमा जुलुस निस्कनुले पनि यस्ता अडकलहरुलाई मलजल पुऱ्याएकै छ । पहिले पनि शेरबहादुरले सत्ता राजालाई बुझाएकै हुन् । यसपालि पनि त्यो इतिहास दोहोरियो भने त्यसको प्रथम सिकारमा सबैखाले माओवादीहरु, दोस्रो सिकारमा एमालेहरु अनि कालान्तरमा तेस्रो सिकार कांग्रेसहरु पनि पर्ने छन् । ढुंगेललाई जेलमा कोच्दा कतै १२ बुँदे उल्टने त होइन ?

सम्पादकीय

# बढ्दो सवारी दुर्घटनाका जिम्मेवार पक्षहरू

गत शनिबार धादिङको गजुरी नजिकै त्रिशुली नदीमा बस खसेर ३१ जनाको ज्यान गयो भने केही यात्रुहरू गम्भीर घाइते भएर उपचार गराइरहेका छन् । यत्रो ठूलो बस दुर्घटनाको घटना तातै रहेको बेला सोमबार उदयपुर र गुल्मीमा भएका टाटासुमो र माइक्रोबस दुर्घटनामा १८ जनाको मृत्यु भएको छ । तीन दिनभित्रमा भएका यी दुःखद घटनाले सडक मार्गबाट यात्रा गर्नु कति जोखिमपूर्ण अवस्था रहेको छ भन्ने तथ्य छर्लंग हुन्छ । यात्रु र सवारी साधनको बढ्दो चापसँगै दुर्घटनाका संख्या पनि बढिरहेका छन् । ट्राफिकको तथ्यांकअनुसार सडक दुर्घटनामा वार्षिक दुई हजार जना जतिले ज्यान गुमाउने गरेका छन् । प्रायःजसो दुर्घटना चालकको लापर्बाहीका कारणले हुने गरेको अनुसन्धानमा देखिएको छ । त्रिशुलीमा भएको बस दुर्घटना पनि चालकले अनियन्त्रित गतिमा बस कुदाएकाले भएको नदीमा पौडिएर ज्यान बचाउने यात्रुहरूले बताएका छन् ।

'तीव्र गति जीवन क्षति' भनेर ट्राफिकले ठाउँठाउँ नाराहरू सडकमा देखिने ठाउँमा राखेको छ तर त्यतातिर ड्राइभरले ध्यान दिएको पाइँदैन । हाइवेमा चल्ने सवारी साधनको ठाउँठाउँमा टाइमिङ समेत टिप्ने गरिन्छ । यति हुँदाहुँदै पनि अनियन्त्रित गतिमा सवारी साधन हुइँक्याउनेहरूको अस्वस्थ प्रतिस्पर्धा यात्राका क्रममा देख्न सकिन्छ । दर्जनौं यात्रुको जीवन आफ्नो जिम्मामा लिएर हिंड्ने चालक जिम्मेवार बन्नुपर्नेमा गैरजिम्मेवार बनिरहेका छन् । कतिपयले मापसे गरेर समेत सार्वजनिक यातायातका साधन चलाउने गरेका छन् । काठमाडौं उपत्यकाका सहरी क्षेत्रमा चल्ने यात्रुबसहरू समेत प्यासेन्जर पहिला टिप्ने बहानामा एक अर्कासँग प्रतिस्पर्धा गर्छन् । यात्रुवाहक सवारी साधनको यस्तो प्रतिस्पर्धाले मोटर साइकिल, स्कुटर जस्ता दुईपाङ्ग्रेमा हिंड्नेहरूको ज्यान खतरामा पर्ने गरेको छ ।

सवारी साधनको दुर्घटना न्यूनीकरण गराउन सबैभन्दा पहिला चालकलाई अभिमुखीकरण तालिम दिन आवश्यक छ । ट्राफिक प्रहरी र यातायात व्यवसायीहरूको संयुक्त प्रयासमा यस्ता तालिम आयोजना गरी निरन्तर रूपमा प्रशिक्षण दिनुपर्छ । त्यसैगरी सामान्य साक्षर चालकहरू समेत रहेकोमा न्यूनतम दश कक्षा पासले मात्र सवारी चालक अनुमति पाउने व्यवस्था गरिनुपर्छ । सवारी चालक र सहचालकलाई यात्रुसँग गर्ने व्यवहार र बोल्ने भाषाका बारेमा पनि प्रशिक्षण दिन जरूरी छ । कतिपय चालक र खलासीले अश्लील शब्द प्रयोग गरी यात्रुहरूलाई नै लज्जित र अप्ठ्यारो पार्ने गरेका छन् । उनीहरूलाई पेसाप्रति मर्यादित र उत्तरदायी बनाउन एकैखाले पोसाकको व्यवस्था गरी घाँटीमा परिचयपत्र समेत झुन्ड्याउन अनिवार्य गरिनुपर्छ । जसले गर्दा खलासीले गाडी चलाउन नपाओस् ।

सवारी साधन दुर्घटनामा चालक प्रमुख जिम्मेवार भए पनि अरू विभिन्न कारणहरू पनि जिम्मेवार रहेका छन् । पुराना सवारी साधन मर्मत सम्भारको अभाव र यात्रामा प्रस्थान गर्नुअघि अनिवार्य गरिनुपर्ने सवारी साधनको चेकजाँचको अभावमा पनि दुर्घटना हुने गरेका छन् । यसैगरी सडकको अवस्था पनि दुर्घटनाको गम्भीर कारक बन्ने गरेको पाइन्छ । सडकमा लामो समयसम्म ठूलठूला खाल्डाखुल्डी पर्दासमेत सम्बन्धित निकायले बेवास्ता गर्ने गरेको छ । यस्ता खाल्डाखुल्डी छल्न खोज्दा समेत कतिपय अवस्थामा सवारी दुर्घटना हुने गरेका छन् । प्रमुख राजमार्गहरूलाई तन्दुरूस्त अवस्थामा राख्न सडक विभाग, यातायात विभाग तथा ट्राफिक महाशाखाबाट नियमित अनुगमन गरिनुपर्छ । खाल्डाखुल्डी अविलम्ब पुर्ने व्यवस्था मिलाउनुपर्छ । त्यसैगरी अप्ठ्यारा घुम्ती, मोडहरूमा टाढैदेखि देखिने गरी संकेत चिन्हहरू राख्ने व्यवस्थालाई थप व्यवस्थित बनाउनुपर्छ । सवारी दुर्घटना कसरी कम गर्न सकिन्छ भन्ने बारेमा विस्तृत अध्ययन, अनुसन्धान गरी त्यसै बमोजिमका समयसापेक्ष र व्यावहारिक हुने खालका सवारी नियमहरू बनाउँदै जानुपर्छ । यात्रुहरूले पनि सवारी चालकले लापरबाही गरेको देखेमा तत्काल सम्झाउने अथवा ट्राफिकलाई जानकारी गराउने काममा कुनै कसर बाँकी राख्नु हुँदैन । सबै पक्ष सचेत भएर ट्राफिक नियमको राम्रो पालना गरेको खण्डमा सवारी दुर्घटनामा अवश्य पनि कमी आउनेछ ।

# मेरै नेतासँग मेरै गुरुसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

एउटा मान्छेकै सन्तानले उसका आमाबाबुको महत्व गाउँछ भनेर होइन अथवा अनन्त चाहना पूर्ति गरिदेला भन्नुभन्दा पनि उनीहरुकै आफ्नै जन्म सार्थक होला भन्ने नै भित्र भित्र लालसा रहन्छ । अहिले त त्यो परपरै भएर के भो ? हृदयको सद्भाव रहिरहन्छ नै । किन होला महत्वै गाइँदैन जस्तो अनन्त चाहना पूर्ति गरिदिइँदैन जस्तो दुवै पुस्ताको जन्म सार्थक गराउनु नै पर्दैन जस्तो वातावरण बनाइएको ? सद्भाव प्रकट पनि गरिँदैन जस्तो दुवै पुस्तामा देखिएको ? त्यस्तो त हुँदै होइन । हामीले नचाहेर पनि त्यस्तै भयो ।

यो हाम्रो वातावरण नै त्यस्तै भयो । हाम्रा अभिभावकहरु, सन्तानहरु र नेता मात्र होइन, कार्यकर्ताहरु तथा शिक्षकहरु यस्तै भए । उनका उद्देश्य त अर्कै देखियो किनभने सबैले अरु कहाँ कहाँको अनन्त असक्त र अतृप्त भारी पो बोकिरहे । त्यो भारी बोक्नु ती सबैको मात्र नभनौं हामी सबैको कर्तव्य नै थिएन । भित्रभित्रै परमात्माको आदेश नै थिएन, ईश्वरै नमानुन् तैपनि ईश्वर आफ्नै वातावरण अथवा अभिभावकलाई त मान्नुपर्थ्यो त्यो पनि भएन । सबै अरुकै खेताला मात्र पो भइदिए । विडम्बना त नभनौं हाम्रो कामना नभएर कामै नगरेरै भयो ।

यही कुरा मैले चुनेका नेतामा, कार्यकर्तामा गुरुमा र मेरै राजामा आशा गरेको छु । मेरा हाकिममा पनि आश गरेकै हुँ, त्यो भई नदिनाले म रुने गरेको छु । प्रजातन्त्र माग्ने नेता नै अरुकै खेताला भए । मेरो अत्यावश्यक चाहना होइन, अरुकै चाहना पूरा गर्नुपर्छ भन्ने ? अरुकै खेताला जस्ता गणतन्त्र र अर्कैको धर्म अर्थात् कर्तव्य पूरा गरिदिन खोज्ने ? संघीयताको राग अलाप्ने, धर्मनिरपेक्षता फलाक्नेहरु पनि अरुकै प्रजाजस्तै आचरण गर्ने भए । अरुकै चाहना पूरा गरिदिने भए । सात समुद्र अथवा डाँडापारिकै जस्ता भए । मेरो आफ्नै धर्म अर्थात् कर्तव्य त पूरा गरिदिनु पर्दैन जस्तो व्यवहार देखाइरहे । त्यहाँ मानवप्रति धर्म अर्थात् कर्तव्य नै देखिएन भने मैले होस पुऱ्याउनुपर्ने हो कि होइन ? परमात्माको त कुरै नगरौं यी वामपन्थी एकता गर्छु भन्नेहरु र यी प्रजातन्त्रवादी सबै मिलाउँछु भन्नेहरु मात्रमै पनि हेर्नेपर्ने भयो । याद गर्नैपर्ने भयो । शिक्षक र विद्यार्थीमै भेष भेद देखाएपछि विचार गर्नै परेन र ?

बिन्ती छ कालाबजारियाहरुले, घूस चुक्ली चलाखी गरी पैसा ओसार्ने कार्यकर्ताहरु र आफूले आफ्नै सर्वनाशकारीहरुले तथा अपहत्यामा आफूले आफैंलाई पार्नेहरुले यो नपढी दिनु भए हुन्छ । किनभने आफूमा आफैं दुख्दैन भने किन दुःख गर्नुहुन्छ ? आफूमै आफैं पलाउँदैन भने किन बुद्धि गलाइरहनुहुन्छ ? हृदयमा हृदय नै भेटिँदैन भने किन खोजिरहनुहुन्छ ?

राजनीतिशास्त्रीहरुमै पनि अफगानिस्तान, इराक इरानीहरुले रुस अमेरिकाको र हेनरी किसिन्जरहरुले रुको शेखी झारिसके । पहिलो र दोस्रो विश्वयुद्धकारीहरुले संसारकै विनाश गर्न खोजिसके । बजारैमा मात्र अर्थतन्त्र देख्नेहरुले अर्थतन्त्रकै जरो काटिसके । अर्थतन्त्र त मानवतामा पो हुन्छ भन्ने बिर्सिसके । यसको सानो एउटा उदाहरण दिउँ । पुराना मसिना काला पहेंला र राता धाम चामलमा खेतमै अथवा घरमा आउने हररर वासना अब मासिसके । संख्या नै ठूलो भएर हो कि किन हो संसारमा विज्ञान र ज्ञानसँगै हो एउटै हो भन्ने ध्रुवसत्य नै मासिसके । उनीहरु नै सर्वज्ञ जस्ता भइसके । यो के हो ? गुण पो चाहिन्छ संख्या नै संख्यामा साटीसके हृदय पो चाहिन्छ आफैंले बनाएको रोबोटमा आफ्नै मानवताको नागरिकता नै सारिसके । यो भर्खरैको घटना हैन र ?

एकताका कम्युनिस्ट पूरै समाजमा पुराना मूर्ति र तन्त्रहरु ज्ञानहरु र सीपहरुका ग्रन्थसमेत सडकमा टुटाएर फुटाएर तथा डढाएर फालिन्थे अहिले त्यही सिकेर होला नेपालमै इतिहास नै पढाइँदैन संस्कृति नै गाइँदैन संस्कृत भाषा नै सिकाइँदैन र नेपाली शुद्धसँग लेख्नेहरु नै पाइँदैन । जगमान गुरुङका गुणहरुको जलप कतै पनि लगाइँदैन । यो सबै विडम्बना मात्र नै भन्न भएन भन्ने नै हाम्रो चाहना हो, त्यो पनि पाइँदैन ।

यही गोरक्षालाई अर्थात् नेपाली गोर्खालीहरु नै पनि पहिलो र दोस्रो विश्वयुद्ध आदिमा संसार भ्रमणमा यही हिमवत्खण्डबाटै गएका कत्ति मरे कति फर्किए कति उतै टाँसिए लेखाजोखा नै भएन । किनभने किराँत लिच्छवि र शाहकालमै यो नेपाल विशाल गराउँदै र साँघुरो गराउँदै गए । त्यो लेखाजोखा नै भएन । भर्खरै २०५२ देखि २०६२ सम्ममै माओवादी द्वन्द्वमै १७००० नेपाली मारिएको अन्तर्राष्ट्रिय प्रचार पातालपुरीमै पनि भयो । त्यो पनि मूल्यांकन नै भएन किनभने हिमवतखण्डका नेपालीहरु बोका नै रहेछन् काटिइरहे । यसै भन्नुपऱ्यो होइन र ?

एउटा सानो तर ठूलै कुरा गरौं २०७४ इ.सं. कात्तिक यही हप्तामा नेपालभरि सडक दुर्घटनामा धेरै मानव मूर्तिको ज्यान गयो । त्यहाँ योग्य चालक राख्न नलगाउने, थोत्रा मोटर चलाउन दिने र खराब सडकमा मोटर चलाउन दिने, तलबजीवी प्रशासक, प्रहरी र प्राविधिक नै हुन् । तिनैको अयोग्यतामा र कुकर्ममा उनैका माथिल्ला प्रशासक दयालु किन भए र यत्रो मानवको अकालमा किन ज्यान गयो ? यो सोध्न मिल्दैन र ? कसो ?

**अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)**

सुदर्शन प्रधान

# केही भौतिकवादी दृष्टिकोण

झन्डै २५ हजार वर्ग कि.मि. जलाधार क्षेत्र रहेको सप्तगण्डकीको सङ्गम स्थलवरिपरि हराभरा वनजङ्गल र यत्रतत्र पुरातात्त्विक वस्तुहरू छरिएको 'देवघाट' भारतवर्षभरि प्रसिद्ध छ । मानिसहरू यसलाई धार्मिक रूपले मात्र महत्त्वपूर्ण मान्छन् तर यो पर्यावरणीय दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण क्षेत्र हो । यसका प्राकृतिक र पुरातात्त्विक वस्तुहरूको संरक्षण र जीर्णोद्धारबारे धेरै अगिदेखि कुरा उठेको हो तर सम्बन्धित निकायले यसप्रति कुनै चासो राखेन । २०५१ सालमा आएर मात्र 'देवघाट क्षेत्र विकास समिति' निर्माण भई केही कार्यहरू थालनी त गऱ्यो तर यहाँको वन तथा वातावरण र पुरातात्त्विक वस्तुहरूको संरक्षण गर्न सकिरहेको छैन । यस समितिले देवघाट क्षेत्रको विकासबारे वृहद् गुरू योजना तय गरेको छ । यसमा कतिपय कुराहरू महत्त्वपूर्ण छन् तर यस क्षेत्रको वातावरण सम्बन्धमा गहिरो अध्ययन नगरी योजना तय गरिएकाले त्यसबारे केही चर्चा गर्नु लेखकको उद्देश्य हो ।

थुप्रै मानिसहरूमा पुरातन सोचाइहरू छन् र कैयौं भ्रमहरू पनि । यहाँ त्यसलाई भौतिकवादी दृष्टिकोणले प्रकाश पार्ने प्रयास भएको छ । त्यसै गरी विवादास्पद सप्तगण्डकी जलविद्युत् आयोजना र अन्य आवश्यक कुराबारे जनताका अवधारणा पनि यहाँ राखिएको छ ।

**१. गुरू योजना र पर्यावरण**

देवघाट क्षेत्र विकास समितिले आफ्नो योजनाका कुनै पनि निर्माण र विकास कार्य थाल्दा वातावरणलाई पहिलो स्थान दिनुपर्छ, तब मात्र यो दिगो हुन सक्छ । योजनामा कतिपय कुराहरू यहाँको पर्यावरणप्रतिकूल देखिएका छन्–

क) गौशाला– देवघाट धामको तनहुँतर्फ पर्ने उत्तरपट्टिको जङ्गलमा समितिले चारवटा गौशाला निर्माण गर्ने योजना बनाएको छ तर त्यहाँ रहने गाईको सङ्ख्या तोकिएको छैन । घना जङ्गलमा चरीचरन र पानीको सुविधा भएकाले यहाँ गौशाला निर्माण गर्ने योजना बनेको हो तर गौशाला निर्माण गर्दा यहाँको वनविनाश हुनेछ । किनकि गाईका लागि जति घाँसपात काटिन्छ, त्यसको सयौं गुणा बढी चरीचरनमा लैजाँदा गाईको खुरले कुल्चिएर ससाना बिरूवाहरू नाश हुन्छन् । स्मरण रहोस्, कुनै पनि वनको स्थायित्वका लागि ठूला रूखभन्दा ससाना बिरूवाहरूको महत्त्व बढी हुन्छ ।

देवघाटमा रहने माईमहात्मा र वृद्धवृद्धाहरूका निम्ति दूध, गहुँत र मलका लागि गौशाला निर्माण गर्ने भनिएको छ तर उक्त चार स्थानमा रहने २०० गाई (अनुमानित) का कारण त्यस क्षेत्रको सिङ्गो वन गम्भीर प्रभावित हुनेछ । जसका कारण त्यहाँका वन्यजन्तु र पक्षीहरू लोप हुनेछन् । यदि वनका वनस्पति, चराचुरूङ्गी र स्वतन्त्र जीवजन्तुहरू लोप भएमा कालान्तरमा यहाँ पानीका सबै स्रोतहरू सुक्नेछन् । त्यसपछि यहाँ देखा पर्ने समस्याहरू आजै सोचिनुपर्छ ।

ख) रज्जुमार्ग– समितिले आफ्नो गुरू योजनामा कालिका मन्दिरदेखि केलादी-देवपुर-सतभैया डाँडासम्म ५ कि.मि. रज्जुमार्ग (Cable car) निर्माण गर्ने भनेको छ । जमिनदेखि केही मिटर माथि लट्ठामा अडिने कारजत्रै यो भाँडो बिजुलीबाट चल्छ । यो कुनै मालसामान ढुवानी गर्ने नभई यात्राको साधन मात्र हो । यसका लागि वरिपरि झन्डै ६० मिटरसम्म जङ्गल फाँड्नुपर्ने हुन्छ र यहाँका लाखौं रूख, वृक्ष वा बोटबिरूवाहरू नष्ट हुनेछन् ।

रज्जुमार्ग निर्माण गरेर देवघाट क्षेत्रलाई मनोरञ्जन स्थल बनाउन लागिएको हो ? भन्ने प्रश्न पनि उठ्छ । यदि यसो हो भने यहाँ फिल्म हल, स्विमिङ पुल, तारे होटलहरू पनि निर्माण गर्नुपर्ने हुन सक्छ । यी कुराहरू यहाँको परिप्रेक्ष्यमा राम्रो मान्न सकिन्न । देवघाट क्षेत्रलाई प्राकृतिक आनन्दानुभूति प्राप्त गर्ने एक मनोरम स्थल र प्रागैतिहासिक मानवसभ्यताका अवशेषहरू अध्ययन गर्ने स्थलको रूपमा निर्माण र विकास गरिनु आवश्यक छ, कुनै कृत्रिम मनोरञ्जन स्थलको रूपमा होइन ।

ग) राजमार्ग– गुरू योजनामा देवघाट-रामनगर, देवघाट-ठिमुरा र गैंडाकोट ब्रिटिस क्याम्प-केलादीसम्म पक्की राजमार्ग निर्माण गर्ने कुरा छ । यो जालझैं राजमार्ग निर्माण गरिनु यहाँ आवश्यक छ कि छैन ? चिसो दिमागले सोचिनु आवश्यक छ किनकि यहाँ अर्को ज्वलन्त तथ्य पनि खोजिनुपर्छ । नेपालका नदी, वनपाखा, पहाड र हिमालको प्रत्यक्ष दृश्यावलोकन गर्न चाहने हजारौं पर्यटकहरू २५ दिनको यात्रामा डुम्रे-बेंसीसहर-चामे-थोराङ पास-मुक्तिनाथ-जोमसोम-तातोपानी हुँदै पोखरा निस्कन्छन् । त्यसरी नै यहाँका सगरमाथा, लाङटाङलगायत थुप्रै क्षेत्रहरूमा लाखौं पर्यटकहरू हप्तौं लगाएर पैदल यात्रा गर्छन् । *क्रमशः*

# मैले देखेको अठारौं विश्व सम्पदा :
# इस्तानबुलको सान्ता सोफिया

सुरेन्द्र ढकाल


बाहिरबाट हेर्दा सान्ता सोफिया चर्च र त्यहाँ भएको चार मिनार





सान्ता सोफियाभित्र राखिएको दोजी सम्राटको चिहान


सान्त सोफियाको गजुरको कलापूर्ण भित्री भाग



चर्चभित्रको गजुरमा गरिएको चित्रकला


सान्ता सोफियाभित्रको मोज्याक चित्रकला


स्तानबुल जलक्षेत्रमा सुरेन्द्र ढकाल


सान्त सोफियाभित्रको मुसलमानी मिहरब


सान्ता सोफियाको भित्री भाग


सान्ता सोफिया मस्कभित्र सम्राटको चिहानसँगै सुरेन्द्र ढकाल

मार्च २६, १९८७ को दिनभर एथेन्सको आक्रोपोलीमा बिताएपछि बेलुकी युथ होस्टल फर्किइयो। आक्रपोली हेरिसकेपछि ढुंगैढुंगाका घरहरुले बनेको प्राचीन ग्रीक सहर एथेन्सका गल्ली गल्ली चहार्ने योजना बनाइ मार्च २७ का दिन बिहानै युथ होस्टलमा नै ब्रेकफास्ट गरी हातमा एथेन्सको नक्सा लिएर निस्किएँ। पहिलो दिन आक्रोपोलीमा बितेको कारण दोस्रो दिनभर मैले आक्रोपोलीकै मुन्तिर रहेको १९औं शताब्दीमा जिर्णोद्धार गरिएको प्लाकम मोनास्तिराकी र थिस्सिओमा रहेका पुराना नवशास्त्रीय (निओक्लासिकल) शैलीका घरहरु, त्यसपछि कोलोनाकीका वुटिक, काफे र ग्यालेरी अनि ओमोनियाक ब्यापारिक केन्द्र डुलेर बिताएँ। मार्च २८ का दिन बस चढेर लागेँ म सिकन्दर महान (Alexander The Great ) को राजधानी प्राचीन कन्स्तान्तिनोपोल या ने आधुनिक इस्तानवुलतर्फ।

लगातार २८ घन्टा बस चढेपछि मार्च २९ तारिखका दिन भोलिपल्ट बिहान १० बजेतिर हामीलाई बसले ओरालिदियो। एसियालाई युरोपसँग जोड्ने सहर इस्तानबुलको पश्चिमी भाग पुलपारि युरोप र पूर्वी भाग एदिर्ने एसियामा पर्दछ। बसस्टप नजिकैको एक होटलमा कोठा लिई एकछिन आराम गरियो। नुवाइधुवाइ सकेर हल्का टर्किस कबाब राखेको साण्डिविच र स्प्राइट खाएर निस्के म विश्व प्रसिद्ध सान्ता सोफिया मस्क र त्यहाँ रहेको म्युजियम हेर्न।

**सान्ता सोफिया**

म बसेको होटलको २० मिनेटकै पैदल दूरीमा सान्ता सोफिया पुगिने रहेछ। ग्रीक भाषामा यसलाई हागिया सोफिया र लेटिन भाषामा सान्ता सोफिया भनिने यो चर्च पछि गएर सम्राटहरुको चिहान (मस्क) अझ पछि गएर आयासोफिया म्युजियममा परिणत भएको छ। सन् ५३२ देखि ५३७ सम्ममा रोमन साम्राज्यअन्तर्गत ५ वर्ष लगाएर यसको निर्माण हुँदा यो कन्स्तानटिनोपोलको पूर्वीय क्रिश्चियन अर्थोडक्स चर्च (वासिलिका) को रुपमा भएको थियो। यस डोमको डिजाइन ग्रीसका इसिडोर र आन्थेमियसले संयुक्त रुपमा गरेका थिए। यसै डोमको परिसरमा पछि सिकन्दर दोस्रोको चर्च र थिओडोसिउसको चर्च निर्माण भएका थिए। पछि सन् ५३२ मा दोस्रो चर्च भत्केपछि सम्राट जुस्टिनियन पहिलोले त्यस ठाउँमा तेस्रो वासिलिका बनाएका थिए। सन् ५५३ र ५५७ को भूकम्पले डोम चिरापरी भत्कन पुगे तापनि सम्राटले त्यस्को जिर्णोद्धार गर्न लगाएका थिए। त्यसपछि भएका सम्राटहरुले यस चर्चभित्र नयाँ संरचना, मूर्ति तथा मोज्याक कलाहरु थप्ने र झिक्ने कार्य जारी राखे। यसप्रकार पूर्वीय क्रिश्चियन अर्थोडक्स चर्च (वासिलिका) को रुपमा यो चर्च सन् १४५३ सम्म कायम रह्यो। सन् १२०४ देखि १२६१ सम्म गरी जम्मा ५८ वर्ष यो चर्च लैटिन साम्राज्यको अधिनमा पर्न गए तापनि चौथौ धर्मयुद्ध (क्रुसेड) पश्चात् पुनः रोमन साम्राज्यकै अधिनमा गयो। सन् १४५३ मा कन्स्तान्तीनोपोललाई ओट्टोमोन साम्राज्यले जितेपछि सम्राट मेहमदले यस चर्चलाई सम्राटहरुको चिहान (मस्कमा) मा परिणत गरिदिएका थिए र सन् १९३२ सम्म यो मस्कको रुपमा नै रह्यो।

यस कालमा त्यस चर्चभित्र रहेका क्रिश्चियन धर्म झल्कने घण्टा, एञ्जेल (परी) हरुको भित्तामा टाँसिएका मूर्तिहरु, जेसस क्राइस्ट र आमा मेरीको मोज्याक कलाचित्र सबै ध्वस्त गरिएको थियो र त्यस्को सट्टामा मुसलमान धर्म झल्कने मिहरव, मिनवर र चारमिनारहरु बनाइएका थिए। सन् १९३१ म यो मस्क ४ वर्षको लागि बन्द भयो र सन् १९३५ देखि यसलाई धार्मिक दृष्टिकोणबाट तटस्थ बनाई म्युजियममा परिणत गरेपछि खुला गरियो। त्यसपछि यो क्षेत्र मुसलमान र क्रिश्चियन दुबैको पवित्र स्थल र म्युजियम बन्न पुगेको छ। यो चर्च यसको विशाल गजुर (डोम) को लागि विश्व प्रख्यात छ। सन् १५२० मा सेभिल्लेको क्याथेड्रल नबनुञ्जेल यो चर्च नै संसारको सबैभन्दा ठूलो क्याथेड्रल रहेको थियो। यस चर्चलाई विजाइन्टाइनकालको मिश्रित वास्तुशैलीको (एपिटोम)को रुपमा चिनिन्छ। वर्तमानमा यो डोम गणतन्त्र टर्कीको सरकार अन्तर्गत रहेको छ र टर्की र विश्वकै पर्यटनको आकर्षणको केन्द्रविन्दु बनेको छ। हरेक वर्ष विश्वका विभिन्न देशबाट आउने ३३ लाख पर्यटकहरुले सान्ता सोफियाको यो मस्क अवलोकन गर्ने गर्दछन। युनेस्कोले सन् २०११ अगस्त १ म यस मस्कलाई विश्व सम्पदामा सूचीकृत गरेको छ।

दुई धर्म क्रिश्चियन र मुसलमानको केन्द्रविन्दु भएको कारण यस चर्च वा मस्कभित्र पूजाआजा गर्न मनाही गरिएको रहेछ तर पछि यहाँभित्र मुसलमान र क्रिश्चियनहरुको लागि दुई बेग्लाबेग्लै प्रार्थना कक्षको ब्यवस्था गरिएको छ। पर्यटकहरु यहाँ आकर्षित हुनुको कारण यहाँभित्र भएका प्राचीन मार्वलका ढोका झयाल, मोज्याक कलाकारिता, गजुरमा गरिएका धर्मसम्बन्धी कलाकृतिहरु, संग्रहित बहुमूल्य हीरा र जवाहरतहरुको संग्रह आदि पर्दछन। बिहानको ११ बजे म सान्ता सोफियाभित्र छिरेको थिएँ सबै कुरा राम्ररी अवलोकन गरेर निस्कँदा बेलुकाको ५ बजेको थियो।

**Remember us for the Construction of Private and Public Works**

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवम् औद्योगिक रूपमा टेवा पुर्‍याउने बानी बसालौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश ■ शिवराज खत्री

# सङ्क्रमित महिला झन् विभेदमा

**एचआईभी सङ्क्रमणका कारणले श्रीमान् गुमाएर सङ्कटपूर्ण जीवन बिताइरहेका अछामका सङ्क्रमित एकल महिला चर्को सामाजिक विभेदको सिकार भइरहेका छन् ।**

अछाम । अछामकी सपना शर्मा (नाम परिवर्तन) कलिलै उमेरमा एकल भइन् । श्रीमान्ले सदाका लागि छोडेर गएपछि जीवनमा दुःखका दिन सुरु भए । श्रीमान्ले एक्लै छोडेर मात्र गएनन्, एचआईभी/एड्स सङ्क्रमण गराएर गए । घरको कमजोर आर्थिक अवस्था, कलिलो उमेर अनि दीर्घरोगी भएर जन्मिएको छोराको चिन्ता । उनको जीवनमा खपिनसक्नु दुःखका दिन सुरु भए । कस्तोसम्म दिन आयो भने एचआईभी सङ्क्रमित भएको अवस्थामा औषधि त परको कुरा, पेटभरि भातसमेत खान पाइनन् ।

यी समस्याका बाबजुद उनले जिउने कोसिस गरिन् । रोगले ग्रस्त छोरो काखी च्यापेर सदरमुकाम मंगलसेन आइन् । सदरमुकाममा ज्याला-मजदुरी गर्ने काम खोज्दै थुप्रै ठाउँ चहारिन् । काम पाउन मुस्किल भयो । अथक् प्रयासपछि उनले होटेलमा मासिक पाँच हजार रुपैयाँ तलबमा भाँडा माझ्ने काम पाइन् । भाँडा माझ्ने काम सुरु गर्दा उनले आफू एचआईभी सङ्क्रमित हुँ भनिनन् । तर, काम थालेको चार दिनपछि उनलाई त्यहाँबाट निकालियो । कारण उनी एचआईभी सङ्क्रमित थिइन् र उक्त कुरा कतैबाट होटेल मालिकले थाहा पाइसकेका थिए । 'तिमी त एड्स् रोगी रहिछौ । अब म काममा राख्न सक्दिनँ, भनेर मालिकले निकालिदियो,' उनले भनिन्, 'मालिकले यो होटेलमा एचआईभी सङ्क्रमित पनि काम गर्छन् भन्ने ग्राहकले थाहा पाए भने मेरो त व्यवसाय नै डुब्छ भनेर तलबै नदिई निकालिदिए ।'

त्यसपछि उनलाई बाँचेर केही हुँदैन भन्ने लाग्यो । उनले आत्महत्या गर्ने सोच बनाइन् । तर, यहीबीचमा उनको सङ्क्रमित महिलाको पक्षमा काम गर्ने आफूजस्तै सङ्क्रमितहरूसँग भेट भयो । उनीहरूको कुरा सुनेपछि आत्महत्याको सोच बदलियो । सङ्क्रमित अगुवा गंगा थापा भन्छिन्, 'उनको कथा सुनेर साह्रै दुःख लाग्यो । अनि अर्को होटेलमा उनलाई भाँडा माझ्ने काममा लगाइदियौँ ।' त्यहाँ भने होटेल मालिकलाई सङ्क्रमित भएको जानकारी गराएर नै काममा लगाइएको थियो ।



१२ वर्षदेखि सङ्क्रमित महिलाको हकहितका लागि सक्रिय गंगासँग एचआईभी सङ्क्रमित भएकै कारणले महिलाले भोगेका विभेदका थुप्रै अनुभव छन् । उनका भनाइमा श्रीमान्का कारण सङ्क्रमित भएका धेरै महिला समाजमा हेलाको पात्र भएर बाँच्न विवश छन् ।

दर्ना- ४ की ४५ वर्षीया गंगाका श्रीमान्को पनि एचआईभी सङ्क्रमणका कारण २२ वर्षअघि निधन भएको थियो । श्रीमान्को मृत्युपछि उनले पनि समाजमा थुप्रै भेदभाव र लाञ्छना सहेर बाँच्नुपर्‍यो । 'एचआईभी सङ्क्रमितको छोरा हो भनेर मेरो छोरालाई त विद्यालयले पढ्नै दिएन,' गंगाले आफ्नो जीवनमा भोगेका भेदभावको अनुभव सुनाउँदै भनिन्, 'सङ्क्रमितले समाजमा भोग्नुपरेको भेदभाव र लाञ्छनाको त कुरा गरेर साध्य छैन ।'

एक दिन उनकै छिमेकी गाउँमा एक एचआईभी सङ्क्रमित महिला महिनावारी भएको बेला गाउँका अन्य महिलाले सँगै छाउपडी गोठमा समेत बस्न दिएनन् । छाउपडी गोठमा समेत दिदीबहिनीले भेदभाव गरेको सुनेर लगत्तै त्यस गाउँमा गएर गंगाले सबैलाई सम्झाएपछि छाउ भएका दिदीबहिनीलाई बस्न दिए ।

तर, अहिले पनि यस भेगका गाउँका अन्य मानिस सङ्क्रमित महिलालाई गाउँका महिलासँग गोठमा बस्न दिन तयार छैनन् । सङ्क्रमित महिलालाई अरूसँग गोठमा बस्न दिने वातावरण बनाउनसमेत आफूले ठूलै सङ्घर्ष गरेको, तैपनि नसकेको गंगाको भनाइ छ । सङ्क्रमितहरूका लागि सामुदायिक हेरचाह सहयोगी कार्यकर्ताको रूपमा काम गरिरहेकी गंगासँग करिब १२ वर्ष लामो काम गरेको अनुभव छ । सङ्क्रमित महिलालाई छाउपडी गोठमा सुत्न नदिने, पानी-पँधेरामा जान नदिने, अन्य सामाजिक काममा भेदभाव गर्ने गरेका अनगिन्ती घटनामा छलफल गरेको बताउँछिन् उनी ।

समाजमा ससम्मान बाँच्न पाउने आशामा खुलेर आएका सङ्क्रमित झन् भेदभाव र अपहेलनाको सिकार भइरहेका छन् । गरिबीका कारणले कामको सिलसिलामा श्रीमान् भारत जाँदा उतैबाट सङ्क्रमित भएर आउने र घरमा श्रीमतीलाई सार्ने समस्याले गर्दा एचआईभी/एड्सको सिकार निर्दोष श्रीमतीहरू भइरहेका छन् । एचआईभी सङ्क्रमितको क्षेत्रमा कार्यरत हरिशचन्द्र रावल एचआईभीका कारणले श्रीमान् गुमाएर एकल जीवन बिताइरहेका सङ्क्रमित महिला झन् चर्को भेदभावको सिकार भइरहेको बताउँछन् ।

आफूसमेत सङ्क्रमित रहेका रावलले पछिल्लो केही महिनायता मात्र चाल्सा र कुइका गाविसमा दुई सङ्क्रमित एकल महिलालाई परिवारबाट नै भेदभाव गरेर घर निकाला गरेको घटनामा आफैँ गएर छलफल गरी पुनर्स्थापना गराएको कथा सुनाए । एचआईभी सङ्क्रमितलाई सार्वजनिक रूपमा भेदभाव गर्ने क्रम नरोकिएको रावल बताउँछन् । जिल्ला एड्स समन्वय समितिको विवरणअनुसार अछाममा खुलेर सार्वजनिक भएका करिब एक हजार पाँच सय संक्रमित छन् ।

*सञ्चारिका फिचर सेवा)*

## बांगा कविता

### साँढे सम्झी डराउँछन्



● प्रेम ओली
(ढकलपुरे)

कोही नेताआपफ्कै पाकेका
कोहीजोतेको गोरु झै थाकेका
युबाहरु चाँही
कोही बिदेश भागेका
कोही राजनीतिबाट छेउ लागेका
तर देश चाँही
यस्तै बुढा गोरुले पो हाकेका ।

युबाहरु भन्छन
साठी कटी सक्दापनि बुढाहरु
अझै युबा नेता बन्छन
हामीले बाटो बनाएपनि
हामीलाई छेक्न यिनैले खाल्टो खन्छन
सन्यास तिर लाग्ने बेलामापनि
अझै सत्ताको भोका भकाछन
अङ्गहरुले कामगर्न छाडे पनि
अझै सक्छौ गर्न भन्दै आकाछन
देशलाई गाई बनाइ ,बुढो गोरुले जस्तो
सत्ता पार्टी कब्जागर्याछिन
बुद्दी बिबेकको फ्युज उडी सक्यो
तैपनी सक्छौ भन्ने भ्रममापर्याछन ।

यि बुढा गोरुले ओगडेसम्मयहाँ
गाईब्याउने कुनै छाँट छैन
तर गोरुलाई हुत्त्याउने पनि
कुनै नाटाको यहाँ आँट छैन
साच्चैको नाटो भएको भएयहाँ
त्यो बुढो गोरुलाई के बाँकी राक्थ्यो
थारै गाई भएको भएपनिआजसम्म
त्यो बाली नाघेर ब्याइ सक्थ्यो
यिबिचरा नाटाहरु त
गोरुलाई पनि
साँढे हो कि सम्झीसम्झीडराउछन
बिरोधगर्दा पनि
गोरुले सुन्लाकिभनी सुस्तरी
कराउछन ।


## हार्दिक समवेदना

चन्द्रागिरी ४ निवासी नेकपा माले जिल्ला कमिटी सदस्य क.रमेश श्रेष्ठका पिता चन्द्रमान श्रेष्ठको २०७४।७४ गते ७९ वर्षको उमेरमा असामयिक निधन भएकोमा गहिरो समवेदना व्यक्त गर्दछौं । यस दुखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्न ईश्वरसँग प्रार्थना गर्दछौं ।

**नेकपा माले**
जिल्ला कमिटी, काठमाडौं


# वडा योजना निर्माणमा बालबालिका

**सरोज ढुंगाना/ठूलो सिरुवारी**

सिन्धुपाल्चोक चौतारा साँगाचौकगढी नगरपालिकाको वडा नम्बर १३ मा वडा तहकै स्थानीय शासनमा बालबालिकाको आवाज र विचार समावेश गर्ने अभ्यास थालिएको छ । 'बालबालिकाको अर्थपुर्ण र प्रभावकारी सहभागीतालाई प्रबर्द्धन गर्न वडा तहमा नै नियमित संवादमा छौ ।' चौतारा साँगाचोकगढी नगरपालिका, १३ नम्बर वडाका वडा अध्यक्ष रामप्रसाद गौतमले भने, 'यस वडाका सबै निर्णय प्रक्रियामा बालबालिकालाई समावेश गर्ने गरिएको छ । बालबालिकाको पढाईलाई ध्यानमा राखेर सार्वजनिक सरोकारका बिषयहरू बिदाको दिन राखिने गरिएको छ ।'

तत्कालीन ठूलो सिरुवारी गाविस हुँदा नै बालमैत्री स्थानीय शासन अवलम्बन गरिएको बताउँदै अध्यक्ष गौतमले नगरसभामा पेश गरिने कार्यक्रममा बालमैत्री स्थानीय शासन प्रथामिकतामा परेको पनि सुनाए । स्थानीय तहको पुनर्सरचनापछि ठूलो सिरुवारी गाविस चौतारा साँगाचौक नगरपालिकामा गाँभिएको छ । आगामी बर्षभित्र बालमैत्री घोषणा गर्ने कार्ययोजनासहित नगरपालिका अगाडि बढेको छ ।

वडा कार्यलयले जानकारी दिएअनुसार नगर सभा अगाडि बालभेलाको आयोजना गरिएको थियो र बालभेलामार्फत\ आएका योजना नगर सभाले स्वीकृत गरी कार्यन्वयनमा लगिएको थियो । बालभेलामा बालबालिकाहरूले भूकम्पपछिको अवस्थामा बाल अधिकारका सवाल र नगरलाई बालमैत्री बनाउने माग गरेका थिए ।

स्थानीय सेतीदेबी मावि ठूलो सिरुवारीका प्रधानाध्यापक हरी बिक्रम नेपालकाअनुसार बालबालिकाको पहिलो माग विद्यालयको पुननिर्माण थियो । यस मागअनुसार आफ्नो विद्यालयको पुननिर्माण लगभग सकिएको बताए । 'बालबालिकाले सुरक्षित कक्षा कोठा भनेका छन्, यो माग पनि एक दुई महिनामा नै पुरा हुन्छ, ।' प्रधानाध्यापक नेपालको भनाई थियो, 'विद्यालयमा बालमैत्री शिक्षण सिकाई गर्ने गरिएको छ । विद्यालयमा छडि प्रयोगमा निषेध गरेको त धेरै बर्ष भयो । छात्र छात्राका लागि बेग्लै शशौचालयको व्यवस्था छ । किशोरीका लागि सेनेटरी प्याड विद्यालयमा उपलव्ध गराउने व्यवस्था छ । विद्यालय व्यवस्थापन समितिको बैठकदेखि अन्य क्रियाकलापमा बाल क्लवको सहभागितालाई जोड दिएका छौ ।'



ठूलो सिरुवारी कै अर्को विद्यालय गणेश माविका प्रधानाध्यापक तारादेबी रानाको विचारमा बालबालिकालाई निर्णय प्रक्रियामा मात्र नभएर कार्यान्वयन चरणमा पनि सहभागिता गराएर उनीहरूको क्षमता विकास गरिन्छ । यसको अर्थ शारीरिक श्रम वा आर्थिक सहयोग वा अरू प्रकारले संलग्न गराउनु भन्ने होइन । विद्यालयको योजना वा कार्यक्रम कार्यान्वयनका क्रममा हुने काम कारबाहीको रेखदेख र नियन्त्रणको जिम्मा उनीहरूलाई दिइने गरिएको छ । आफ्नो निर्णयमा भएको काममा अपनत्व महसुस गर्न यसबाट विद्यालय सफल भएको दावी गर्दै यसो भएमा योजना दिगो हुनसक्ने रानाको निश्कर्ष थियो ।

बालबालिकाहरू स्थानीय तहका प्रमुख सरोकारवाला हुन् । निर्णय गर्ने अधिकार त्यस निर्णयबाट प्रभावित हुनेहरू वा तिनका प्रतिनिधिलाई मात्र हुन्छ भन्ने मान्यता लोकतन्त्रको मूल मर्म हो । पहिला पहिला बालबालिकालाई निगरानीकर्ताका रूपमा स्वीकार गरिदैन थियो । बालमैत्री शासन अवलम्बन गरेपछि निगरानीकर्ताका रुपमा बालबालिका स्थापित भएको धारणा बाल संरक्षण समितिका अध्यक्ष शिबबहादुर केसीको छ । उनी थप्छन्, 'यस वडामा बालबालिका कुनै पनि योजना वा कार्यक्रमको मूल्यांकन प्रक्रियामा सहभागी हुन सक्तछन् । बालबालिकासम्बन्धी योजना वा कार्यक्रमहरूको मूल्यांकनमा सहभागी हुने त उनीहरूको अधिकार नै हो । बालबालिकासम्बन्धी कार्यक्रमका सरोकारवालामध्ये उनीहरूको मूल्यांकन अझ बढी सही, सान्दर्भिक र उपयोगी हुन सक्तछ । वडामा नयाँ नेतृत्व आएपछि यो अभ्यास सुरु भएको छ ।'

निर्णय, कार्यान्वयन, र मूल्यांकन प्रक्रियामा बालबालिकाको संलग्नताले सामाजिक जागरणमा थप टेवा दिएको सिन्धुपाल्चोक जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी होमराज फूँयालको तर्क छ । बाल अधिकार संरक्षण गर्न परिवारको भूमिका महत्वपूर्ण हुने भन्दै सहायक प्रमुख जिल्ला अधिकारी फूयालले बाल अधिकार प्रवर्द्धन गर्नका लागि सबैभन्दा पहिले पारिवारिक वातावरण नै सकारात्मक हुनुपर्छ । परिवारमा हुने निर्णयमा बालबालिकालाई सहभागी गराउने र उनीहरूको धारणालाई सम्मान गर्ने परिपाटीले बालअधिकारको महसुस बालबालिकाले गर्दछन् । बालबालिकालाई उमेरका आधारमा तिरस्कार गर्ने र उनीहरूको धारणालाई उपेक्षा गर्ने प्रवृत्तिको अन्त्य गरेर अभिभावकहरूले बाल सहभागिताको बालअधिकार उपभोग गर्न सहयोग गर्न सक्तछन् ।

कालीदेबी माध्यामिक विद्यालय ठूलो सिरुवारीका प्रधानाध्यापक गुणकेशरी श्रेष्ठ पनि सहयाक प्रमुख जिल्ला अधिकारीको भनाई प्रति सहमति व्यक्त गर्छन् । वडाले बनाएको कार्यक्रमबाट बाल अधिकार संरक्षण हुने उनको विश्वास छ । उनको भनाई थियो, 'ठूलो सिरुवारी बालमैत्री भयो । अब सिंगो नगरपालिकालाई बालमैत्री बनाउन लाग्ने छौ ।'

–साभारः बालमैत्री स्थानीय शासन मीरेष्ट लेखमाला


SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
ISO 9001 JAS-ANZ
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,


दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२


# न्यौपानेको 'स्वर्णिम समय' सार्वजनिक

पत्रकार दामोदर न्यौपानेको पछिल्लो कृति 'स्वर्णिम समय' हालै सार्वजनिक भएको छ । 'स्वणिर्म समय' बाल्यकालको कथा हो, जो आजका चर्चित व्यक्तित्वहरुले भोगेर आए । यसमा साहित्यकार, चिकित्सक, प्रशासक, व्यवसायी, संगीतकर्मी आदिको बाल्यकालीन अनुभूति समेटिएको छ । यसमा राजनीतिकर्मी सुवासचन्द्र नेम्वाङदेखि साहित्यकार श्रवण मुकारुङसम्मका चार दर्जन स्रष्टाको बाल्यकाल उल्लेख छन् ।

केही समयअघि मात्र 'ट्यालेन्ट सो' नामक पुस्तक बजारमा ल्याएका उनको पछिल्लो रचना संख्याको हिसाबले चौथो हो । खासगरी, बालबालिकाको कथा, मनोविज्ञान, सामाजिक अवस्थामा केन्द्रित रहेर लेख्ने उनले यसपालि पनि त्यसैको फेर समातेका छन् ।

दयनीय विगत वा बाल्यकाल झेलेर माथि उठेका कति व्यक्तित्व अहिलेका लागि आदर्श, मार्गदर्शक हुनसक्छन्, किताबले यसै भन्छ । कान्तिपुर पब्लिकेसन्सको बाल कोसेली 'कोपिला' संयोजन गर्ने क्रममा यो कृतिको गर्भधारण भएको न्यौपानको भनाइ छ । 'यी पात्रले गरेका संघर्ष प्रेरणादायी हुने' न्यौपानेको विश्वास छ । पुस्तक इस्टर्न पब्लिकेसनले प्रकाशन गरेको हो ।




यसैबीच पत्रकार अश्विनी कोइरालाको उपन्यास 'प्रेमालय' को पनि विमोचन गरिएको छ । सञ्चारकर्मी स्वेच्छा राउत, राजनीतिकर्मी रञ्जु दर्शना, अभिनेत्री बेनिसा हमाललगायतले उपन्यास 'प्रेमालय'को विमोचन गरे । लेखक कोइरालाको यो तेस्रो कृति हो । यसअघि उनले महिलाहरुको अन्तर्वार्ता समेटिएको पुस्तक 'उनी' र कथा संग्रह 'जुकरबर्ग क्याफे' बजारमा ल्याइसकेका छन् ।

# क्याटलोनियामा स्पेनको प्रत्यक्ष शासन



विष्णु भट्टराई

क्याटलोनियाको संसद्ले मदतान गरी स्वतन्त्र भएको घोषणा गरेलगत्तै स्पेन सरकारले क्याटलोनियाको सरकार र संसद् बर्खास्त गरेको छ। त्यहाँको सरकार बर्खास्त गरेको सरकारले उपप्रधानमन्त्री सोराया साइन्ज डे सान्तामारियालाई क्याटलोनिया हेर्ने जिम्मेवारी दिएको छ । त्यसअघि स्पेनको आन्तरिक मन्त्रालयले त्यहाँका प्रहरी प्रमुखलाई बर्खास्त गर्दै प्रहरी संगठनमाथि आफ्नो नियन्त्रण कायम गरेको थियो । त्यसअघि स्पेनका प्रधानमन्त्री मारियानो राजोएले क्याटलोनियाको संसद्समेत भंग गर्दै क्यालान नेता कार्लेस पुज्डमोन्ट र उनको क्याबिनेट बर्खास्त गरेको घोषणा गरेका थिए । उनले क्याटलोनिया संसद्को नयाँ निर्वाचन गराउने घोषणा गरेका छन् । सामान्य स्थिति बहाल गर्न क्याटलोनियाको शासनको सीधा बागडोर लिने अभूतपूर्व निर्णय जरुरी भएको बताएका छन्। स्पेनको संवैधानिक अदालतले अवैध ठहर गर्नुका बाबजुद क्याटलान सरकारले जनमतसंग्रहको आयोजना गरी स्वतन्त्र भएको घोषणा गरेपछि संकट सुरु भएको हो ।

क्याटलोनियामा २१ डिसेम्बरमा अर्को निर्वाचन गराउने बताइएको छ । उनले क्याटलोनियामा स्वतन्त्र, कानुनी र स्वच्छ तरिकाले गराउने बाचासमेत गरेका छन् । उनले अहिलेको अवस्थालाई निराशाजनक भन्दै भने, 'हामीले कहिल्यै पनि यस्तो सोचेका थिएनौं ।' क्याटलोनियाको संसद्ले बहुमतले स्वतन्त्रताको पक्षमा भोट हालेतगत्तै स्पेनको सिनेटले क्याटलोनियाको स्वायत्तता फिर्ता लिने पक्षमा निर्णय गरेको हो । यसअघि शुक्रबार क्याटलोनियाको संसद्ले स्वतन्त्रताको प्रस्तावलाई स्वीकृति दिएको थियो । १ सय ३५ सदस्यीय क्याटलोनियाको संसद्मा प्रस्तावको पक्षमा ७० र विपक्षमा १० भोट परेको थियो भने दुई जनाले कुनै पक्षमा पनि भोट नहाली खाली भोट खसालेका थिए । स्पेनसँगै रहनुपर्ने पक्षमा रहेका विपक्षी सांसदहरूले भने मतदान बहिष्कार गरेका थिए । यो मतदानपछि क्याटलोनियाको संसद्ले स्पेनको संविधान खारेज गरिदिएको थियो । स्पेनको सिनेटको निर्णयपछि क्याटलोनियाको स्वायत्तताको संवैधानिक दर्ता समाप्त भएको छ । योसँगै अब क्याटलोनियामा स्पेनको प्रत्यक्ष शासन सुरु भएको छ । स्पेनको संविधानको धारा १ सय ५५ अनुसार क्याटलोनियाको स्वायत्तता खोसिएको हो । क्याटलोनियाको संसद्मा मतदानपछि राजधानी बार्सिलोनामा स्वतन्त्रताको पक्षमा रहेकाहरूले विशाल ऱ्यालीको आयोजना गरेका थिए । यसै महिनाको सुरुमा भएको जनमतसंग्रहमा क्याटलोनियाका ४३ प्रतिशतले भाग लिएका थिए । मतदानमा भाग लिएकामध्ये ९० प्रतिशतले स्वतन्त्रताको पक्षमा मत हालेपछि क्याटलोनियालाई स्वतन्त्र भएको घोषणा गरिएको हो ।

स्पेनको उत्तरपूर्वी भागमा रहेको क्याटलोनियाको राजधानी बार्सिलोना हो । आधुनिक स्पेन र पोर्चुगलसमेत रहेको आइबरेनियन प्रायद्वीप क्षेत्रमा रहेको आरागनकी रानी पेट्रोनिलिया र बार्सिलोनाका धनाढ्य राजा रामोन बेरेन्गुएर चौथोबीच विवाह भएपछि आरागन र क्याटलोनियालाई आफ्ना सन्ततिका लागि सन् ११५० स्थापना



गरिदिएको राज्य थियो । यसका आफ्नै भाषा, कानुन र रीतिरिवाज थिए । सो राज्य राजा फिलिप पाँचौंले शासन सम्हाल्नुपूर्व निर्विवाद रह्यो । सन् १७०७ मा भेलेन्सिया, सन् १७१४ मा क्याटलोनियालाई पराजित गर्दै अन्तिममा सम्पूर्ण प्रायद्वीपमा राजा फिलिप पाँचौंले कब्जा गरे पनि असन्तुष्ट पक्षले त्यसबेलादेखि नै आफ्नो भाषा, भूमि, संस्कृति र जनताको स्वतन्त्रताका लागि संघर्ष जारी राखे । सोही समयदेखि क्याटलोनिया ली राष्ट्रवादीहरूले निरन्तर रूपमा स्पेनबाट विभिन्न अधिकारका माग गरिरहेका थिए । स्वतन्त्रताका लागि भएको प्रयासले २ सय वर्षको निरन्तरको चर्को दबाबपछि सन् १९३२ मा स्पेन सरकारबाट क्याटलोनियालाई स्वायत्तताको अधिकार दिएको थियो । तर, सात वर्षपछि नै सन् १९३९ मा स्पेनमा फ्रान्सिस्को फ्रान्को शक्तिमा आएसँगै क्याटलोनियालीले प्राप्त गरेका सीमित उपलब्धि पनि खोसिए । फ्रान्कोले नियोजित ढंगले क्याटलोनिया ली राष्ट्रवादप्रति भएका सम्पूर्ण प्रयत्नलाई दबाएका थिए । उनको शासन कालमा शुद्धीकरणका नाममा हजारौं क्याटलोनियालीलाई मृत्युदण्डसमेत दिइएको बताइन्छ । सन् २००६ मा स्पेनले क्याटलोनियालाई अलग राज्यको मान्यता र कर संकलन गर्न सक्ने अधिकार प्रदान गरेको थियो । तर, सन् २०१० मा स्पेनको संवैधानिक अदालतले सरकारको सो निर्णयलाई अवैध घोषणा गरिदियो ।

क्याटलोनिया स्पेनकै सबैभन्दा धनी क्षेत्र हो । यहाँ ठूला उद्योगधन्दा छन् । स्पेनका धातु, खानेकुरा प्रशोधन गर्ने उद्योगधन्दा, औषधि तथा रसायनसँग सम्बन्धित उद्योग क्याटलोनियामा नै छन् । यहाँ बार्सिलोनालगायतका प्रख्यात स्थान छन्, जसले बर्सेनि लाखौं पर्यटक आकर्षित गरेको छ । स्पेनको कुल जनसंख्याको १६ प्रतिशत ओगटेको यस क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा २० प्रतिशतको योगदान दिएको छ । स्पेनको केन्द्रीय सरकारले क्याटलोनिया क्षेत्रका प्रहरी प्रमुखलाई पदमुक्त गरेको छ । क्याटलोनियाको क्षेत्रीय संसद् र सरकारलाई भंग गरिएको घोषणा गरेको भोलिपल्ट केन्द्रीय सरकारले क्याटलोनियाका क्षेत्रीय प्रहरी प्रमुखलाई बर्खास्त गरेको हो । यसअघि क्याटलोनियाको क्षेत्रीय संसद्ले शुक्रबार स्पेनबाट स्वतन्त्र हुने घोषणा गरेको थियो । घोषणाका लागि संसद्मा भएको गोप्य मतदानलाई एकताका पक्षधरले भने बहिष्कार गरेका थिए । संसद्मा स्वतन्त्रताको पक्षमा ७० मत परेको छ भने विपक्षमा १० मत परेको थियो । दुई सांसदले कुनै पनि पक्षमा मतदान नगरी मतपत्रलाई खाली खसालेका बताइएको छ ।

प्रधानमन्त्री मारिआनो राजोएले क्याटलान प्रशासनलाई भंग गर्न सिनेटको अनुमति मागेका थिए । त्यसैगरी उनले सिनेटर समक्ष क्याटलोनिया माथि प्रत्यक्ष शासन गर्ने प्रस्ताव पेश गरेका थिए भने क्याटलान क्षेत्रका नेता कार्लेस पुज्डमोन, उनका उपराष्ट्रपति तथा सबै क्षेत्रीय मन्त्रीहरूलाई बर्खास्त गर्ने प्रस्तावसमेत गरेका थिए । प्रधानमन्त्रीको मागको पक्षमा अत्याधिक बहुमत परेकाले उनको माग संसद्बाट पारित भएर लागू भएको हो । उनले आगामी डिसेम्बर २१ तारिखमा क्याटलोनिया क्षेत्रमा मध्यावधि चुनाव गराइने पनि बताएका छन् । स्पेनबाट स्वतन्त्र हुने पक्षमा क्याटलोनियाले अक्टोबर १ मा विवादास्पद जनमत संग्रह गरेको थियो । एकपछि अर्को गरी भइरहेका यी विवादस्पद कदमका कारण क्याटलोनिया गहिरो र लामो राजनीतिक संकटमा फस्ने देखिएको छ ।

क्याटलोनिया स्पेनको एक स्वायत्त क्षेत्र हो । जसको आफ्नै संसद् र स्वतन्त्र राष्ट्रको रूपमा झल्काउने केही प्रतीक तत्व रहेका छन् । जसमा यसको आफ्नै झन्डा, आफ्नै संसद् र यसको राष्ट्रपतिको रूपमा कार्लेस पुज्डमोन्ट र आफ्नै प्रहरी पनि रहेको छ । दूरसञ्चारका लागि क्याटलोनियासँग आफ्नै नियामक र विदेशी प्रतिनिधि कार्यालय पनि रहेको छ । जसबाट संसारभरमा क्याटलोनियाको व्यापार र लगानीलाई बढावा दिन सकिन्छ। यसले स्कुल र स्वास्थ्यजस्ता महत्वपूर्ण सार्वजनिक सेवाको व्यवस्थापन पनि गर्छ । यद्यपि स्वतन्त्र बन्न अझै धेरै कुरा गर्न बाँकी नै रहेको छ । जस्तो कि स्वतन्त्र हुने अवस्थामा सीमा व्यवस्थापन, सीमा शुल्क, आफ्नै केन्द्रीय बैंक, कर कार्यालय, उचित अन्तर्राष्ट्रिय सम्बन्धको स्थापना, हवाई व्यवस्थापन तथा नियन्त्रक निकाय, रक्षासम्बन्धी सबै कुराको व्यवस्थापन आवश्यक छ । यी सबै कुराको व्यवस्थापन राजधानी मड्रिडबाटै गरिन्छ । तर यी सबै संस्थानको स्थापना गर्ने अवस्थामा त्यसको खर्च व्यवस्थापन गर्न सम्भव छ कि छैन भन्ने कुरा महत्वपूर्ण हुन्छ । क्याटलोनियाको स्वतन्त्रता पक्षधरबीच एक लोकप्रिय नारा रहेको छ, 'मड्रिड नो रोबा' जसको अर्थ हुन्छ 'मड्रिडले हामीलाई लुटिरहेको छ ।' त्यहाँका जनताबीच एउटा साझा धारणा भनेकै स्पेनबाट क्याटलोनियाका लागि जे प्राप्त भइरहेको छ त्यसका लागि क्याटलोनियाले धेरैधेरै भुक्तानी गरिरहेको छ ।

निश्चित रूपमा क्याटलोनिया अन्य स्पेनिस क्षेत्रको तुलनामा धेरै सम्पन्न रहेको छ । यो स्पेनिस जनसंख्याको १६ प्रतिशत भाग हो, तर स्पेनको जीडीपीमा १९ प्रतिशत र निर्यातमा २५ प्रतिशत प्रतिनिधित्व गर्दछ । पर्यटन क्षेत्रमा यसको धेरै प्रभाव रहेको छ । सन् २०१६ मा स्पेनका साढे ७ करोड पर्यटकमा १ करोड ८० लाखले क्याटलोनिया जान मन पराएका थिए । तारागोना पूरै युरोपमा रासायनिक उद्योगका सबैभन्दा ठूलो केन्द्र हो, जबकि बार्सिलोना युरोपेली संघको २० सबैभन्दा ठूलो बन्दरगाहमध्ये एक हो । क्याटलोनियाले आफ्नो क्षेत्रमा खर्चभन्दा बढी करको भुक्तानी गर्दछ । सन् २०१४ को आँकडाअनुसार क्याटलोनियाको व्ययभन्दा १ अर्ब बढी कर तिरेको थियो ।

केही विश्लेषकले यदि क्याटलोनियाको स्वतन्त्रताका साथै आर्थिक प्रोत्साहन पनि पाएमा नयाँ संस्थानको स्थापनामा खर्च गर्नेछ । तर उसको अर्थव्यवस्था स्पेनको जस्तो हुँदैन । यसका अलावा अर्को महत्वपूर्ण कुरा भनेको क्याटलोनियाको उत्पादनको मुख्य बजार स्पेनको बाँकी भाग पनि हो । स्पेनी सरकारका अनुसार अलग हुनासाथ क्याटलोनियाको अर्थ व्यवस्थामा २५ प्रतिशतले कमी आउनेछ । सन् २०१२ मा स्पेनको सरकारले त्यो क्षेत्रलाई नगद दिने उद्देश्यले एक कोष स्थापना गरेको थियो, जुन क्षेत्र वित्तीय संकटपछि अन्तर्राष्ट्रिय बजारबाट कर्जा लिन असमर्थ थियो । क्याटलोनिया यो योजनाको सबैभन्दा ठूलो लाभार्थी हो, जसले यसको स्थापनापछि अर्बौं डलर कर्जा लिइसकेको छ । स्पेनले क्याटलोनिया स्वतन्त्र भएको अवस्थामा यो कर्जा पाउँछ कि पाउँदैन भन्नेसँगै विगतमा लिएकोमध्ये कति कर्जा तिर्न तयार हुन्छ भन्ने पनि सवाल उठाउनेछ । यो विषयले पनि वार्ता प्रक्रियालाई अवरुद्ध पार्ने सम्भावना छ ।

क्याटलोनिया स्पेनको सबैभन्दा पुरानो र करिब १ हजार वर्ष पुरानो अलग इतिहास भएको क्षेत्र हो । स्पेनको गृहयुद्धभन्दा अघि नै यो क्षेत्रलाई स्वायत्त घोषणा गरिएको थियो । सन् १८३९ देखि १९७५ सम्म जनरल फ्रान्सिस्को फ्रैंकको नेतृत्वमा क्याटलोनियालाई दिइएको स्वतन्त्रता खोसिएको थियो । फ्रैंकोको मृत्यु भएपछि क्याटलान राष्ट्रवाद फेरि उठेको हो । सो आन्दोलन बढ्दै जाँदा यो क्षेत्रलाई पुनः स्वायत्त घोषणा गरिएको थियो । यो स्वायत्तता सन् १९७८ को संविधानअनुसार सुरक्षित छ । सन् २००६ को एक अधिनियम अनुसार क्याटलोनियालाई थप शक्ति प्रदान गरिएको थियो । क्याटलोनियाको वित्तीय दबदबा बढ्दै जाँदा यो क्षेत्र एउटा राष्ट्रको रूपमा नै देखिन थालेपछि सन् २०१० मा संवैधानिक अदालतले सबै शक्ति फिर्ता लिएको थियो । यो कदमपछि त्यहाँका स्वतन्त्रताका पक्षधरहरू र प्रशासन स्पेनसँग रुष्ट बनेका हुन् । आर्थिक मन्दी र सार्वजनिक खर्चमा कटौतीपछि क्याटलोनियामा स्वायत्ततालाई लिएर अरू असन्तुष्टि चुलिएको थियो । यसैलाई लिएर क्याटलान्सहरूले सन् २०१४ को नोभेम्बरमा स्वतन्त्रताका लागि अनाधिकारिक रूपमा मतदानको आयोजना गरेका थिए । करिब ५४ लाख मतदातामध्ये २० लाखभन्दा बढी मतदानमा सहभागी भए । यो मतदानपछि अधिकारीहरूले ८० प्रतिशतले स्पेनबाट अलग हुने पक्षमा मतदान गरेको बताएका थिए । क्याटलोनियामा सन् २०१५ को चुनावमा क्याटलान स्वतन्त्रताको पक्षमा रहेको समुदायले जित हासिल गरेको थियो । जुन चुनावका क्रममा उनीहरूले स्वतन्त्रताका लागि जनमत संग्रहको आयोजना गर्ने वाचा गरेका थिए ।

क्याटलोनियाको आर्थिक शक्ति यो क्षेत्र युरोपेली संघको हिस्सा बन्छ या एकल बजारमा सीमित हुन्छ भन्नेमा निर्धारित हुन्छ । क्याटलोनियाको विदेशी निर्यातको दुई तिहाइ हिस्सा युरोपेली संघमा जान्छ । यदि यो स्पेनबाट अलग भएमा यसले ईयूको सदस्य बन्न पुनः आवेदन दिनुपर्ने हुन्छ । यसले स्वतः सदस्यता पाउँदैन र यसका लागि स्पेनसहित समग्र युरोपेली संघका सदस्यहरूले सहमति दिनुपर्नेछ । स्वतन्त्रताको पक्षमा रहेका केहीले भने क्याटलोनियाले नर्वेकै शैलीमा युरोपेली संघमा सामेल नभई एकल बजार खोजेर समस्या समाधान गर्नुपर्ने बताउने गरेका छन् । यसरी पनि उनीहरू अघि बढ्न सक्छन् तर स्पेनले चाहेमा स्वतन्त्र क्याटलोनियाको जीवन कष्टपूर्ण बन्न सक्छ ।

क्याटलोनिया जनमत संग्रहदेखि हालसम्म पनि सो क्षेत्रमा लगातार प्रदर्शन भई नै रहेका छन् । १ अक्टोबरमा भएको जनमत संग्रहका क्रममा प्रहरीले गरेको दमनविरुद्ध बार्सिलोनामा स्थानीय स्वतन्त्रता पक्षधरहरूले निरन्तर प्रदर्शन गरेका छन् । लगातारको प्रदर्शनका कारण त्यहाँका आमजनताले समेत कठिनाइको सामना गर्नुपरेको छ । क्याटलान राजधानी बार्सिलोनासहितका मुख्य सहरहरूमा सडक नै 'ब्लक' गरेर भएका प्रदर्शनका कारण सार्वजनिक सवारीसाधन समेत प्रभावित बन्ने गरेका छन् । जनमत संग्रह लगत्तै प्रहरी कारबाहीको विरोधमा क्याटलोनियाका व्यापारी संगठनले हडतालको घोषणा गरेका थिए । 'मेकाबार्ना' नाम बार्सिलोनाको एक ठूलो खुद्रा बजारमा रहेका ७ सय ७० पसल बन्द भएका थिए भने स्कुल, विश्वविद्यालय, स्वास्थ्य सेवासमेत नराम्ररी प्रभावित बनेका थिए । जनमत संग्रहका क्रममा स्पेन प्रहरीले मतदान रोक्न कोसिस गरिरह्यो तर क्याटलोनियाका जनताले स्पेनबाट अलग भएर अलग देश बनाउन मतदानमा भाग लिइरहे । त्यसयता बिहीबार राष्ट्रिय दिवससम्म पनि स्वतन्त्रता पक्षधरहरूले प्रदर्शनलाई निरन्तरता दिएका हुन् ।

स्पेनका फुटबलर जेरार्ड पीके क्याटलोनियाको जनमत संग्रहका पक्षधर हुन् । अभ्यास सत्रका क्रममा केही प्रशंसकले उनकाविरुद्ध नाराबाजी गरेका थिए । सोही कारण गत साताको विश्वकप छनोटको समूह चरणको अन्तिम खेलअघिको अभ्यास खेल नै रद्द गर्नुपरेको थियो । बार्सिलोनाबाट व्यावसायिक फुटबल खेल्ने जेरार्ड मात्रै नभई बार्सिलोना फुटबल क्लबले नै क्याटलोनियाको समर्थन गर्ने घोषणा गरिसकेको छ ।

*एजेन्सीहरुबाट*

## रोचक संसार

### मुसालाई सजाय



मानिसले जम्मा गरेका खानेकुरा चोरिदिने, खाइदिने तथा अन्य सामानहरु समेत नष्ट गरिदिने बानी हुन्छ, मुसाको । निकै बाठो हुने भएकाले मुसाले बदमासी गरेर उम्किहाल्छ । तर, कहिलेकाहिँ नराम्रोसँग फन्दामा पर्छ । हालै भारतमा एउटा मुसा यसैगरी फन्दामा परेको छ । उक्त मुसाले यस्तो यातना पाएको छ कि त्यो साँच्चीकै दयालाग्दो छ । अनि मुसालाई यातना दिने त्यस्तो तौरतरिका चाहिँ दुनियाँमै सायद पहिलोपटक होला ।

भारतको कर्नाटकस्थित मिजोरमा बस्ने मेलाहल्ली रमन्नाले आफ्नो पसलबाट दिनहुँ विभिन्न खानेकुरा चोर्ने र खाइदिने मुसालाई एकदिन पक्रिन सफल भए । मुसालाई पक्रिसकेपछि उनले त्यसलाई तत्कालै मारेनन् । उनले मुसाका चारै खुट्टा बाँधेर यसरी यातना दिएकी साँच्चीकै अनौठो लाग्दछ । एउटा बोतलमा चार खुट्टा बाँधेर उनले मुसालाई गाली गर्दै सानो छेस्कोले हिर्काइरहेका छन् । मुसाले पनि निकै दयालाग्दो गरी हेरिरहन्छ र च्वाँच्वाँ गर्दछ ।

मुसामाथि उनले यातना दिइरहेको भिडियो तथा फोटोहरु सोसल मिडियामा भाइरल बनिरहेका छन् । धेरै मानिसहरुले मुसामाथि गरिएको ज्यादति तथा यातनाको विरोध गरेका छन् ।

### "भूत" लाई पेन्सन


फिल्ममा डरलाग्दो भूतले विभिन्न डरलाग्दा काम गरेको देखिन्छ । तर यथार्थमा चाहिँ भूतले पेन्सन थाप्दोरहेछ भन्ने समाचार सुन्नमा आएको छ । यो घटना हाम्रै छिमेकी देश भारतको हो । भारतको पञ्जाबमा ६५ हजारभन्दा धेरै भूतले पेन्सन पाइरहेका छन् ।

समाचार अनुसार, पञ्जाब सरकारले विगत कैयन् वर्षदेखि ६५ हजार ७४३ जना मृत व्यक्तिलाई लगातार पेन्सन दिइरहेको छ । मृतकलाई दिइँदै आएको पेन्सन थाप्न भूत त आएनन् होला ? आखिर कहाँ गयो त भूतलाई दिइएको पेन्सन ? सरकारले यसबारेमा छानविन थालेको छ । पञ्जाबमा हरेक महिना १९ लाख ८० हजार मानिसले पेन्सन थाप्छन् । ती पेन्सनधारीमा ज्यूँदा मानिससँगै मृतक पनि समावेश छन् । तथ्यांक अनुसार पेन्सन थाप्नेमा ६५ हजार त्यस्ता मानिसहरुको पनि नाम छ जो वर्षौं पहिले संसार छाडिसकेका छन् । सरकारी तथ्यांक अनुसार झण्डै अढाइ लाख मानिसले फर्जीरुपमा पेन्सन पाइरहेका छन् । ४५ हजार मानिसको ठेगाना गलत छ भने ४२ हजारले युवा अवस्थामै वृद्धावस्थाको पेन्सन थापिरहेका छन् । १० हजारले चाहिँ धनी हुँदाहुँदै पनि गरीबको पेन्सन थापिरहेका छन् ।

### भूतको परेड

मेक्सिकोस्थित मेक्सिको सिटीको सडकमा शनिवार सन्नाटा छायो, जब सडकमा भूतहरुले परेड खेल्न थाले । मेक्सिको सिटीका मानिसहरुले गत हप्ता भुतप्रेतसँग बिताए । आइतबार त सडकमै भूतको जुलुस निस्कियो । सडकमा ठूलो संख्यामा भूत देखेपछि मानिसहरु अत्ताल्लिए । आखिर त्यति ठूलो संख्यामा भूतहरु कहाँबाट आए ?

मेक्सिको सिटीको सडकमा घुमाइने नरकंकालहरु हरेक वर्ष यसरी जम्मा हुन्छन् । वास्तवमा ती साच्चिकैका भूत नभई भूतको भेषमा निस्किएका मानिसहरु हुन् । यो सहरमा हरेक वर्ष डे अफ द डेड अर्थात् लास दिवस मनाइन्छ । सायद हाम्रो देशको गाईजात्रा जस्तै होला यो । लास दिवसलाई त्यहाँ मानिसहरु एक ठूलो पर्वको रुपमा मनाउँछन् । मानिसहरु कंकालजस्ता डरलाग्दा भेष धारण गरी सडकमा निस्किन्छन् । आगामी नोभेम्बर २ मा लास दिवस परेको छ । तर, मानिसहरु



यो दिवसको पूर्वतयारी गरिरहेका छन् र सडकमा भूतको जुलस निस्किन थालिसकेको छ । मेक्सिको सिटीमा झण्डै २ हजार वर्ष पहिलेदेखि लास दिवस मनाउने परम्परा चलिआएको बताइन्छ । पहिले-पहिले यो दिवसको दिन आफन्तहरुले आफ्नो मृतक आफन्तको चिहानमा गएर फूल चढाउँदथे । तर समयक्रमसँगै परम्परामा बदलाव आयो र भूतको जुलुस निकाल्न थालियो । यो पटकको लास दिवस मेक्सिकोमा हालै गएका दुई शक्तिशाली भूकम्पमा ज्यान गुमाएकाहरुको सम्झनामा मनाइँदैछ ।

### मन्दिरको सुरक्षामा गोही

गोहीले जनावरको शिकार गर्न छाडेर शाकाहारी बनेको र मन्दिरको प्रसाद खान थालेको घटना सायद तपाईंले सुन्नुभएको छैन होला । यस्तो कुरा सुन्दैमा अनौठो र अपत्यारिलो पनि लाग्नसक्छ । तर, यो कुनै काल्पनिक कथा होइन । भारतको केरलास्थित अनन्तपुर लेक मन्दिरको यथार्थ घटना हो । मन्दिरको वरिपरि रहेको तालमा




बस्ने बबिया नामक गोहीको आनीबानीले जो कोहीलाई पनि अचम्ममा पार्दछ ।

मन्दिरलाई घेरेको तालमा विगत डेढसय वर्षदेखि गोही बस्दै आएको छ । गोहीले डेढसय वर्षदेखि मन्दिरको सुरक्षा गर्दै आएको बताइन्छ । एउटा गोही मरेसँगै अर्को नयाँ गोही आफैं देखापर्दछ । हाल मन्दिरको तालमा रहेको बबिया गोही निकै शान्त छ र शाकाहारी छ ।

### महँगो रक्सी

यो संसारका अधिकांश मानिसले रक्सी पिउँछन् । के तपाईंले कहिल्यै जान्न खोज्नुभएको छ, दुनियाँको सबैभन्दा महँगो रक्सीको मूल्य कति होला ? अब तपाईंले दुनियाँको सबैभन्दा महँगो रक्सी कुन हो ? यसको मूल्य



कति पर्छ ? र, यसको विशेषता के छ ? भन्ने कुरा थाहा पाउनुहुनेछ ।

बिलेनियर भोडका नामक मदिरा नै विश्वको सबैभन्दा महँगो रक्सी हो । यसको नामले नै बताउँछ कि यो अर्बपतिले पिउने भोड्का हो । यो भोड्काको एक बोतलको मूल्य झण्डै ४० करोड रुपैयाँ पर्छ । यो रक्सीभन्दा यसको बोतल कैयन् गुणा महँगो छ । बोतलकै कारण यो रक्सीको भाउ यति चर्को भएको हुनुपर्दछ । यो भोड्काको बोतलमा ३ हजार टुक्रा हीरा जडान गरिएको छ ।

यो भोड्का स्वादमा पनि अरु सामान्य भोड्काभन्दा फरक छ । यसको एक बोतलमा ५ लिटर भोड्का छ । यो रसियन भोड्का गहुँ तथा शुद्ध पानीबाट बनाइएको हो । डिजाइनर लियोन भेरेसले यो भोड्काको बोतलको डिजाइन गरेका हुन् । उनै डिजाइनरले यसअघि विश्वकै सबैभन्दा महँगो स्याम्पेन पनि डिजाइन गरेका थिए ।

### महँगो पार्क

एलियनसँग भेट्ने वा ड्रागनसँग लड्ने चाहना छ भने तपाइँ चीनको यो पार्क जान सक्नुहुन्छ ।

चीनको ग्वेझोउ इलाकामा एक थीम पार्क बनाइएको छ । आगामी डिसेम्बरमा यो पार्कको निर्माण पूरा हुनेछ । यो पार्कको विशेषता के भने यहाँका सबै चिज वास्तविक जस्ता लाग्दछन् । अर्थात् तपाइँ छुट्टै संसारमा



पुगेजस्तो अनुभव गर्नुहुनेछ । कहीँ एलियन घुमिरहेका हुनेछन् त कहिले तपाइँको अगाडि ड्रागन खडा हुनेछ ।

चीनको प्रसिद्ध एनिमेसन कम्पनी ओरिएन्टल टाइम्स मिडिया कर्पोरेसनले यो पार्कको निर्माण गरेको हो । यो भर्चुअल रियालिटी प्रविधिमा बनाइएको छ । तपाइँ जब पार्कभित्र छिर्नुहुनेछ तपाईंलाई सबैखाले भर्चुअल रियालिटी ग्याजेटहरु लगाउन दिइनेछ । अनि तपाईंसामु हुनेछ एक छुट्टै संसार । यो पार्कको आधाभन्दा धेरै काम सकिएको छ । डिसेम्बरमा यो सर्वसाधारणका लागि खुल्ला हुनेछ । यो पार्क बनाउनमा १ खर्ब २० अर्ब रुपैयाँभन्दा धेरै खर्च लागेको छ ।

*एजेन्सीहरुबाट*

प्रेरक

## मेरो पेट कुनै चिहान हैन

जर्ज बर्नार्ड सा अंग्रेजी साहित्यका सिद्धहस्त सर्जक हुन् । हत्तपत्त कसैको निम्तो स्वीकारेर भोजमा सरिक हुने स्वभाव उनको थिएन । उनी कट्टर साकाहारी थिए । अधिकांश भोजमा मासुका अनेक थरी परिकार सजाइएका हुन्थे । त्यसैले उनी सकभर यस्ता भोजमा सहभागी बन्नबाट उम्किने उपाय निकालिहाल्थे । सकभर धेरैजसो अनुरोध हाँसेर टारिदिने उनको स्वभावै बनिसकेको थियो ।

एक सज्जनले एउटा भोजमा सहभागी भइदिन जर्ज बर्नार्ड शालाई पटक पटक अनुरोध गरे । ती सज्जनले बारम्बार गरेको आग्रह टार्न उनलाई कठिन भयो । त्यसैले बर्नार्डले ती सज्जनको आग्रह स्वीकारेर उनले आयोजना गरेको भोजमा सरिक हुन स्वीकृति दिए । तर भोजको दिन आउनुअघि नै बर्नार्डले पहिल्यै स्पष्ट पारिदिएकि उनी मांसहारी खाना खाने छैनन् । यसका साथै उनले मांसहारीसँग एउटै टेबलमा बसेर पनि आफूले खाना नखाने प्रस्ट पारिदिए । उनले आफूजस्तै साकाहारीका लागि अलग्गै साकाहारी टेबलको व्यवस्था गरिदिन ती सज्जनलाई आग्रह गरे । सज्जनले उनको इच्छालाई ध्यानमा राख्ने आश्वासन दिए ।

अन्ततः भोजको दिन आइपुग्यो । निर्धारित समयमै जर्ज बर्नार्ड शा भोज आयोजना स्थलमा पुगे । उनी अरू साकाहारीसित मिलेर साकाहारी टेबलमा राखिएको सलाद खान थाले । उनलाई ध्यानपूर्वक हेरिरहेका एक मांसहारी सज्जनले उनलाई चोट पुऱ्याउने ध्येयले भने- 'महोदय, तपाईं त घाँसपात पो खाइरहनुभएको छ ? कुखुरा खानुस् त कुखुरा । हाजिरजवाफीमा बर्नार्ड शा पोख्त थिए । उनले मौका नगुमाइ जवाफ दिए- 'हेर्नुस् महाशय, मेरो पेट त कुनै चिहान हैन । त्यसैले म यसमा किन कुनै मुर्दालाई राखुँ ।' बर्नार्ड शाको तिखो जवाफ सुनेपछि ती सज्जन निरूत्तर भए भने भोजमा आएका बाँकी मानिस भने मन खोलेर हाँस्न थाले ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

खर्च बढ्नुका साथै अर्थअभाव खट्किनाले बनिसकेको काम दोहोर्याउनुपर्ला। पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। तत्काल लाभ उठाउँदा पछि हुने फाइदा घट्न सक्छ। तापनि पहिलेका कमजोरी सच्याउने अवसर प्राप्त हुनेछ। टाढाका साथीभाइसँग सम्पर्क बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्न सक्छ।

### बृष

आम्दानीका विभिन्न स्रोत फेला पर्नेछन्। मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। आँटले काम सम्पादन हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। अप्ठ्यारा परिस्थितिलाई समेत सहज बनाउन सकिनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ।

### मिथुन

आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान्। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। कामको सन्दर्भमा शक्तिशाली व्यक्तिहरूसँग प्रतिस्पर्धा हुन सक्छ। तापनि मिहिनेत गर्दा पछिका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ। विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। साइनो गाँस्नेहरूले भने दुख्ख दिन सक्छन्, सजग रहनुहोला।

### कर्कट

समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका छ। प्रयत्न गर्दा आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व हातलागी हुनेछ। सहयोगीहरूले साथ दिनेछन्। आँटेका काम पनि सजिलै सम्पादन हुनेछन्। समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

### सिंह

स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहोला। काम बिग्रने भयले सताउनेछ। न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ला। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला। पहिलेका समस्या दोहोरिन सक्छन्। सानातिना घरेलु कामले अल्झाउन सक्छ। आलोचकहरू बढ्नेछन् भने वादविवादले समस्या निम्त्याउन सक्छ। लेनदेनमा विवाद हुन सक्छ।

### कन्या

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चालु बन्नेछ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। तापनि मिहिनेतले सफलता दिलाउनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। गृहस्थीले मनमा आनन्द दिलाउनेछ। परिवारजनको साथले नयाँ आशा जगाउनेछ।

### तुला

प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। भौतिक साधन जुट्नेछन् र दिगो फाइदा हुने काम सुरु हुन सक्छ। थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ। पछि लाभ हुने काम प्रारम्भ हुन सक्छ। खर्च लागे पनि यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ। आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन्, धनमाल सुरक्षामा ध्यान दिनुहोला।

### बृश्चिक

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। सामाजिक उत्तरदायित्व वहन गर्दै पछि फाइदा हुने काम हात पार्ने मौका छ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

### धनु

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले समस्या निम्त्याउन सक्छ। महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला। मिहिनेतले फाइदा दिलाउनेछ। बुद्धिको उपयोगले जटिल ठानिएको काम सम्पादन होला। आजको कामबाट दिगो फाइदा हुनेछ। मनको डर उत्साहमा रूपान्तरित हुनेछ। परिवारमा आमाको सहयोग लिँदा काम सम्पादन हुन सक्छ।

### मकर

सहयोगीहरूले हात झिक्नाले परिस्थिति आफ्नो पक्षमा नरहन सक्छ। अरूको फाइदाका लागि उपयोग भइनेछ भने काम बिग्रने डरले सताउनेछ। सञ्चित रकम खर्च गर्नुपर्ने आवश्यकता पर्न सक्छ। व्यवसायमा अपेक्षित फाइदा नहुन सक्छ। दाजुभाइमा असमझदारी देखापर्न सक्छ। सोखले खर्च गराउने समय भएकाले उठेको आम्दानी सञ्चय गर्न नसकिएला।

### कुम्भ

अर्थ उपार्जनका विभिन्न स्रोतहरू फेला पर्नेछन्। समाजमा आफ्नो प्राभ बढ्न सक्छ। तर अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला। अध्ययन र व्यापारमा सोचेजस्तो प्रगति नहुन सक्छ। नयाँ योजना कार्यान्वयन गर्न निकै मिहिनेत गर्नुपर्ला। तापनि, मौका पर्खंदा स्थितिमा सुधार आउनेछ। आफ्ना कमजोरीमाथि टिप्पणी हुने समय छ, सजग रहनुहोला।

### मीन

विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ। रमाइलो जमघटमा सहभागी हुने अवसर जुट्नेछ। तर, सरकारी कामकाजमा अलमल हुन सक्छ। खानपानको असावधानीले स्वास्थ्य बिग्रनेछ। आफ्ना कमजोरीको फाइदा अरूले उठाउलान्। कामका लागि धाउनेहरूबाट सजग रहनुपर्ला। शुभचिन्तकहरूको राय लिएर अघि बढ्नुहोला।

## रोकियो निखिलको फिल्म सुटिङ



बलिउडका कलाकारहरुलाई नेपाल बोलाएर छायांकन गरेको कारण चर्चामा आएको चलचित्र 'कमिटमेन्टः ६० आवर्स'को सुटिङ बिगत दुई महिनादेखी रोकिएको छ । अहिलेसम्म ३० प्रतिशत मात्र छायांकन सकिएको चलचित्रका प्राबिधिकहरुले पारिश्रमिक नपाएको भन्दै चलचित्रको सुटिङ रोकिएको हो । नेपालको मात्र सुटिङ भएको चलचित्रमा १९ जना प्राबिधिकहरुले ७ लाख भन्दा बढि रकम नपाएपछि चलचित्रको सुटिङ रोकेका हुन् । नायक निखिल उप्रेतीको निर्देशनमा बन्न लागेको चलचित्रको सुटिङ अब १५ दिनपछि पुनः सुरु हुनेछ । १५ दिनभित्र निखिलले चलचित्रका प्राबिधिकहरुको टीमलाई बाँकी रहेको रकम दिईसकेपछि चलचित्रको सुटिङ पुनः सुचारु हुनेछ । नेपाल, भारत, अमेरिका, थाइल्याण्ड र सिंगापुरमा छायांकन हुने चलचित्रमा निखिलले साली सिवानी लुइटेलसँग पहिलोपटक रोमान्स गर्नेछन् ।

## नीतालाई उत्कृष्ट अभिनेत्री अवार्ड



नायिका नीता ढुंगाना सान फ्रान्सिस्कोमा अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भएकी छिन् । अमेरिकाको क्यालिफोर्निया राज्यको सान फ्रान्सिस्को सहरमा आयोजित 'सान फ्रान्सिस्को चलचित्र महोत्सव' मा नीता अभिनित फिल्म 'पञ्चायत' ले विदेशी भाषाको 'उत्कृष्ट फिल्म' विधामा र ' उत्कृष्ट मुख्य अभिनेत्री' विधामा पुरस्कार जित्न सफल भएको हो ।

'पञ्चायत'मा किशोरीको भूमिकामा देखिएकी नीताको सशक्त अभिनयकै कारण अन्तर्राष्ट्रिय पुरस्कारबाट उनलाई सम्मान गरिएको हो । यही महोत्सवमा सहभागी हुनका लागि नीता केहीदिन अगाडि मात्र अमेरिका पुगेकी थिइन् । ५० बर्ष पुरानो कथामा बनेको फिल्म ' पञ्चायत' लाई शिवम अधिकारीले निर्देशन गरेका हुन् ।

फागुन १७ गतेबाट देशव्यापी प्रदर्शनमा आउन लागेको यो फिल्ममा नीताका अलावा सरोज खनाल, रुपा राना, गीता अधिकारी, गणेश गिरी, जाहान्वी बस्नेत, विशाल पहारी, किरण थापा, राजुबाबु श्रेष्ठ लगायतको अभिनय रहेको छ। फिल्मका कार्यकारी निर्माता रवि अधिकारी हुन् । ' पञ्चायत'लाई गणेश गिरीको प्रस्तुतीमा सुशान्त श्रेष्ठ र शंकर सुवेदीले निर्माण गरेका हुन् । टंक बुढाथोकीको संगीत र रामेश्वर कार्कीको छायांकन रहेको फिल्मलाई विपिन मल्लले सम्पादन गरेका हुन्।

## 'राज्जा रानी' को टीजर

पुष २८ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै फिल्म 'राज्जा रानी'को टीजर सार्वजनिक भएको छ । सार्वजनिक टीजरमा नायक नाजिर हुसेनलाई प्रस्तुत गरिएको छ । नायक आर्यन सिग्देलको होम प्रोडक्शन हाउसबाट निर्मित यो फिल्मलाई याम थापाले निर्देशन गरेका हुन् । फिल्मको कथा पनि थापा आफैले लेखेका हुन् । सानो भेगको जनजाति कथामाथि निर्माण भएको फिल्मका निर्माता रमेश एमके पौडेल हुन् । फिल्ममा ताराप्रकाश लिम्बु र दीपक शर्माको संगीत, पुरुषोत्तम प्रधानको छायांकन, कविराज गहतराजको नृत्य निर्देशन रहेको छ । फिल्ममा केकी अधिकारी, नाजिर हुसेन, कामेश्वर चौरासिया, लक्ष्मी बर्देवा, संगीता नापित, अरुण रेग्मी, दीपक क्षेत्री, विनोद निरौला, अनोज पाण्डे, अशोक आचार्य, अनुज थापा लगायतका कलाकारहरुको अभिनय छ ।

## 'होलिडे'का छायांकार यूरोपमै लुकेपछि...

चलचित्र 'होलिडे'का छायांकार दिनेशकुमार राई नेपाल फर्कनु पर्ने समयमा यूरोपमा नै लुकेपछि यसको निर्माण यूनिट तनावमा परेको छ । चलचित्रका छायांकार राई छायांकन सकेपछि यूरोपमै लुकेका छन् । उनी, लुकेपछि अहिले यसको निर्माण यूनिटले प्रहरीमा उजुरी समेत दिएको छ ।

बसन्त निरौलाले निर्देशन गरेको यो चलचित्रको छायांकन वेल्जियमका विभिन्न स्थानमा करिब १ महिना लगाएर सकिएको छ । तर, चलचित्रका दिनेश कुमार राई भने छायांकन सकिएपछि यूरोपमै लुकेका छन् । शनिबार चकलेटी लिन जान्छु भन्दै निस्किएका उनी त्यसपछि नफर्किएको यसका निर्देशक निरौलाले जानकारी दिएका छन् । उनी पोल्याण्ड पुगेको आशंका यसको निर्माण यूनिटले गरेको छ । चलचित्रमा गौरव पहारि, वृद्धि तामाङ र पवित्रा आचार्यको मुख्य भूमिका छ । चलचित्रका मुख्य कलाकारहरु छायांकन सकेर नेपाल फर्किसकेका छन् । दिनेशलाई सम्पर्कमा आउन निर्माण यूनिटले आग्रह गरेको छ । दिनेशले आफ्नो लगेजबाट पासपोर्ट र आफ्नो डकुमेन्ट मात्र लिएर हिडेको निर्देशक बसन्त निरौलाले जानकारी दिएका छन् ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Vitreous = सिसाजस्तो देखिने Some of the plastics have vitreous qualities (केही प्लास्टिकहरू सिसा जस्तो देखिन्छन्)

Windfall = अप्रत्याशित रुपबाट प्राप्त, चिठ्ठा जस्तो Finding a job without hardship was a windfall for him (विना कोसिस भनेजस्तो काम पाउनु उसका लागि चिठ्ठा बराबरी थियो)

Blighted= प्रभावित वा ग्रस्त The rescue team could see the flood blighted area by the air (उद्धार टोलीले बाढीग्रस्त क्षेत्रको हवाईजहाजबाट मात्र अवलोकन गर्न सक्यो)

Cumbersome = झन्झटिलो He is always burdened down with cumbersome matters (ऊ सधैं झन्झटिलो कुराहरूको बोझले थिचिएको छ)

Divest= अधिकार वा मालसमानविहीन बनाउनु The king divested the prime-minister of his power unconstitutionally (राजाले असंवैधानिक किसिमबाट प्रधानमन्त्रीलाई अधिकारविहीन बनाए)

Expurgate= केही अंश निकाल्नु The editor expurgated the aggressive portions from the book (सम्पादकले किताबबाट उत्तेजक अंश हटाइदिए)

Fraudulent= भ्रम पार्ने किसिमको Fraudulent advertisement should not be allowed in state run media (राज्यबाट संचालित आम संचारका माध्यमहरूमा भ्रम पार्ने किसिमका विज्ञापनहरूलाई अनुमति दिनु हुँदैन)

Glutton = खन्चुवा Mother tends to call the baby a glutton when baby eats too much (जब बच्चाले चाहिनेभन्दा बढी खान्छ तब आमाले उसलाई खन्चुवा भनेर बोलाउँछिन्)

Hazy = धुम्म परेको (स्पष्ट नदेखिने) In a hazy weather, landing a plane is always difficult (धुम्म परेको मौसममा विमानलाई अवतरण गराउन गाह्रो हुन्छ)

Headlong = बलपूर्वक र हतपतमा He made a headlong entrance into my room (ऊ बलपूर्वक हतपत गरी मेरो कोठामा पस्यो)

## कसलाई के भनिन्छ ?

| | |
|---|---|
| बूढा महाराज | भीमशमशेर |
| रून्चे महाराज | पद्मशमशेर |
| फिस्टे महाराज | चन्द्रशमशेर |
| नानी युवराज | श्री ५ सुरेन्द्र |
| धनकुटे महाराज | देवशमशेर |
| अभागी राजा | जयप्रकाश मल्ल |
| बौलाहा युवराज | श्री ५ सुरेन्द्र |
| सन्काहा राजा | श्री ५ सुरेन्द्र |
| बैलाहा राजा | लक्ष्मीनरसिंह मल्ल |
| अयोग्य राजा | राजेन्द्र वीरविक्रम शाह |
| न्याय गर्ने राजा | राम शाह |
| सिमसिमे राजा | शिव सिंह मल्ल |
| सबैले खाएपछि खाने राजा | महेन्द्र मल्ल |
| सामाजिक सुधार गर्ने राजा | जयस्थिति मल्ल |
| राजनीतिज्ञ राजा | महेन्द्र |
| हालसम्म जीवित राजा | योगनरेन्द्र मल्ल |
| स्वामी महाराज | रणबहादुर शाह |
| महासामन्त उपाधि धारण गर्ने | अंशु बर्मा |
| नेपालेश्वर | श्रीनिवास मल्ल |
| नेपाल मण्डलेश्वर | यक्ष मल्ल |
| शान्तिश्री | प्रचण्डदेव |
| लिच्छवि कुलकेतु | शिवदेव प्रथम |
| नेपालका शाहजहाँ | खड्गशमशेर |
| परमभट्टारक महाराजाधिराज | क्राचल्ल |
| जनक | शिरध्वज |
| राष्ट्रपिता | त्रिभुवन |
| नेपालका लियोनार्दो द भिन्ची | अरनिको (बलबाहु) |
| कलाबहादुर | माथवरसिंह थापा |
| जिउँदो सिंह | अमरसिंह थापा |
| युगले मागेको नेता | जंगबहादुर राणा |

### सुडोकु-अंक ७५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ३ | | १ | | | | | |
| ७ | | | | | | | ९ | ५ |
| ९ | | | | ८ | ६ | १ | | |
| २ | ४ | | ९ | ७ | | | ५ | |
| | ९ | | | | | | | |
| | ३ | | | ६ | ५ | | १ | ९ |
| | | ४ | ८ | ९ | | | | ६ |
| १ | ६ | | | | | | | ८ |
| | | | | ३ | | ९ | २ | |

### अंक ७४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ९ | ८ | १ | २ | ७ | ५ | ४ | ६ |
| ५ | १ | ६ | ४ | ९ | ३ | २ | ७ | ८ |
| ४ | ७ | २ | ६ | ८ | ५ | ९ | ३ | १ |
| २ | ५ | ७ | ८ | १ | ६ | ४ | ९ | ३ |
| १ | ६ | ४ | ३ | ७ | ९ | ८ | २ | ५ |
| ९ | ८ | ३ | २ | ५ | ४ | १ | ६ | ७ |
| ६ | २ | ५ | ७ | ४ | ८ | ३ | १ | ९ |
| ८ | ३ | १ | ९ | ६ | २ | ७ | ५ | ४ |
| ७ | ४ | ९ | ५ | ३ | १ | ६ | ८ | २ |

## फरक थाहा पाई राख्नुहोस्

Glimpse = झलक He always gives a quick glimpse of the newspaper's headlines उसले सधैं समाचारको शिर्षकमा मात्रै एक झलक दिन्छ ।

Glance = यस्सो हेर्नु She glanced shyly at me and lower her eyes उनले लजाएर मलाई यस्सो हेरिन् र भूइँतिर आँखा गाडिन् ।

Gourmand = चाख राखेर धेरै खान सक्ने He has no interest in doing sports, he is a gourmand उसलाई खेलकुदमा चाख छैन खानेकुरा खानमा मात्रै चाख छ ।

Gourmet = धेरै समय लगाई स्वाद लिएर खाने वा खान पाइने There are many gourmet restaurants in Kathmandu nowadays आजकाल काठमाडौंमा मस्तसँग बसेर समय लिएर स्वादिलो खाना खाने रेस्टुराँहरू छन् ।

Glutton = खन्चुवा You are a glutton and have finished the entire cake alone (तिमी त खन्चुवा रहेछौ सिंगै केक एक्लै खाएर सक्यौ)

Gratify = सन्तोष दिनु Your success in the examination with distinction has gratified me तिमीले परीक्षामा अधिकतम अंक ल्याई उत्तीर्ण गर्नुले मलाई ठूलो सन्तोष मिलेको छ)

Grateful = धन्य ठान्नु I am very much grateful for your visit (मेरो घरसम्म आई दर्शन दिएकोमा म आफूलाई धन्य ठान्छु )

Habitable बस्न योग्य This house is not habitable for you (यो घर तिम्रो लागि बस्न योग्य छैन)

Inhabitable = बसाबास गर्न योग्य This place is inhabitable because there are nop facilities such as drainage, water supply, electricity and telephone यो ठाउँ बसोबास गर्न योग्य छैन किनकी यहाँ ढल, पानी, बिजुली र टेलिफोनको सुविधा छैन ।

Handle = हात प्रयोग गरी चलाउनु वा संचालन गर्नु Wash your hand very well before you handle food खानेकुरा चलाउनुपूर्व राम्ररी हात धोऊ ।

Manage = व्यवस्थित वा संचालन गर्नु He can manage his activities by himself alone ऊ आफ्ना क्रियाकलापहरू एक्लैले संचालन गर्न सक्छ ।

# स्वरोजगार शिक्षा कार्यक्रम : विशेष समाचार





श्री ज्ञानोदय आधारभूत विद्यालयमा भएको बैठकमा कार्यक्रमको बारे जानकारी गराउँदै



पाँचखाल नगरपालिकाको उपप्रमुख लक्ष्मी दनुवारसँग भएको बैठक




पाँचखाल नगरपालिकाको प्रमुख महेश खरेल र उपप्रमुखसँग भएको बैठक



स्वरोजगार शिक्षा कार्यक्रममा आफ्ना कुरा व्यक्त गर्दै संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकाल



स्वरोजगार शिक्षा कार्यक्रमका सहभागीलाई शैक्षिक सामग्री हस्तान्तरण गर्दै सुरेन्द्र ढकाल र दातृ निकायका प्रतिनिधी Lynne



समुदाय परिचयात्मक कार्यक्रमपश्चात सामुहिक तस्बिर खिचाउँदै



स्वरोजगार शिक्षा कार्यक्रमको बारेमा जानकारी दिँदै कार्यक्रम निर्देशक किरण थापा



पाँचखाल नगरपालिकासँग सहमती पत्र हस्तान्तरण गर्दै सुरेन्द्र ढकाल

बाल विकास समाजले Friends of Nepal Adelaide-Australia को सहयोगमा काभ्रे जिल्ला पाँचखाल नगरपालिका वडा नं. १२मा स्वरोजगार शिक्षा कार्यक्रम संचालन गर्ने क्रममा विभिन्न क्रियाकलापहरु सम्पन्न गरेको छ । यही कार्तिक २०७४ देखि असोज २०७५सम्म १ वर्ष २ वटा समुदायमा २०/२० जना महिलाहरुलाई लक्षित गरी कार्यक्रम संचालन गर्न लागिएको हो । यस कार्यक्रम गतवर्ष सम्ममा ८ वर्ष संचालन भइसकेको थियो भने "महिला स्वरोजगार : बाल विकासको पूर्वाधार" भन्ने नाराका साथ यस कार्यक्रम पुन संचालन गर्न लागिएको छ । निरक्षर तथा सामान्य साक्षर, आर्थिक रुपले पछाडि परेका तथा विपन्न वर्गका महिलाहरुको साक्षरतासँगै आर्थिक रुपमा समेत सशक्तिकरण गर्ने उदेश्यका साथ यस कार्यक्रम संचालन हुँदैछ ।

**प्रारम्भिक सर्वेक्षण तथा कक्षा व्यवस्थापन**

यस कार्यक्रम संचालनका लागि पाँचखाल नगरपालिका वडा नं. १२ को तीनघरे र जरेटारमा रहेको विशेष गरी दनुवार वस्तीका ६० जना महिलाहरुको प्रारम्भिक सर्वेक्षण गरिएको छ । सामान्य साक्षर तथा निरक्षर र भूकम्पबाट प्रभावित भई आफ्ना बालबालिकाहरुको अधिकार उचित रुपमा पुरा गर्न नसेको १५ देखि ४५ वर्षका महिलाहरुको सर्वेक्षण गर्दा १५देखि २५ वर्ष उमेर समूहका १२ जना, २६देखि ३५ वर्ष उमेर समूहका २९ जना र ३६ देखि ४५ वर्ष उमेर समूहका १९ जना रहेका छन् भने उनीहरु प्रायः सबैजना खेतीपातीको काम गर्ने रहेका छन् ।

समुदायमा रहेका महिला सहभागीहरुको पायक पर्ने समयमा कक्षा संचालन गर्नका लागि १/१ वटा कक्षाको समेत व्यवस्थापन गरिएको छ । कक्षामा सहभागीलाई पढ्नका लागि सहज वातावरण हुनेगरी बसाई व्यवस्थापनको लागि कक्षा व्यवस्थापन गरिएको हो ।

**समुदाय परिचयात्मक कार्यक्रम**

बाल विकास समाजद्वारा संचालित स्वरोजगार शिक्षा कार्यक्रम अन्तर्गत पाँचखाल नगरपालिकाको तीनघरे र जरेटार २ वटा समुदायमा समुदाय परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ । गत कार्तिक १ गते सम्पन्न सो कार्यक्रममा समुदायका अभिभावक, सरोकारवालाहरु, महिलाहरु, पाँचखाल नगरपालिकाका उप प्रमुख लक्ष्मी दनुवार, बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकाल, कार्यक्रम निर्देशक किरण थापा, सिनियर प्रशासन तथा वित्तीय व्यवस्थापक रामशरण रिमाल, दातृ निकायका प्रतिनिधी Lynne and Holly को उपस्थिती रहेको थियो । विशेष गरी दनुवार समुदायका परिवारलाई लक्ष्यित भएको उक्त कार्यक्रममा जरेटारमा ४० जना र तीनघरेमा ४२ जनाको उपस्थिती रहेको थियो ।

कार्यक्रममा बाल विकास समाज संक्षिप्त परिचय, स्वरोजगार शिक्षा कार्यक्रम र यसको उद्देश्य, लक्षित समुह एक वर्ष भरिमा कक्षामा गरिने क्रियाकलाप र सस्थाको आशाको बारेमा विस्तृत रुपमा जानकारी प्रस्तुतीकरण कार्यक्रम व्यवस्थापक प्रदिपकुमार श्रेष्ठबाट भएको थियो उक्त समुदायमा समन्वयकारी भूमिका कार्यक्रम सुपरभाइजर दिपेन्द्र पराजुलीबाट भएको थियो । कार्यक्रमको प्रभावकारिताको बारेमा बोल्दै कार्यक्रम निर्देशक किरण थापाले प्रष्ट्याउनु भएको थियो । बाल विकास समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालबाट यस कार्यक्रमबाट बालबालिकाको चौतर्फी विकास गर्न आमाहरु नै सक्षम हुने कुरा व्यक्त गर्नुभएको थियो । साथै सहजकर्तालाई उद्धेश्य अनुरुप काम गर्न शुभ-कामना व्यक्त गर्नु भएको थियो । अष्ट्रेलियन दातृ निकायका प्रतिनिधी Lynne बाट समुदायका आमाहरुका माध्यमबाट बालबालिकालाई सहयोग गर्न पाएको र नेपाली समुदायका आमाहरुलाई भेट्न पाएकोमा खुसी व्यक्त गर्नुभयो साथै आगामी दिनमा प्रगति गर्नका लागि शुभकामना व्यक्त समेत गर्नुभएको थियो ।

**नगरपालिका तथा वडा कार्यालयसँग समन्वय**

बाल विकास समाजले यस वर्ष पाँचखाल नगरपालिका वडा नं. २ अनैकोटमा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project संचालन गर्न लागिरहेको छ भने पाँचखाल नगरपालिका वडा नं. १२ मा स्वरोजगार शिक्षा कार्यक्रम संचालन गर्न लागिरहेको छ । उक्त २ वटा वडा कार्यालयबाट कार्यक्रम संचालन गर्नका लगि सिफारिस पत्र प्राप्त गरियो भने पाँचखाल नगरपालिकाको कार्यालयबाट कार्यक्रम संचालनको स्वीकृति प्राप्त गरिएको छ । यस कार्यक्रमको प्रभावकारिता र स्थानीय सरकारलाई उत्तरदायित्व बढाउनका लागि पाँचखाल नगरपालिका र बाल विकास समाजबीच दुवैको भूमिका र उत्तरदायित्व सहित उल्लेखगरी (Memorandum of Understanding-MOU) सहमती समेत गरिएको छ । स्थानीय सरकारको रुपमा रहेको वडा कार्यालय र नगरपालिका कार्यालयले समुदायमा संचालन भएको यस कार्यक्रमलाई प्रत्यक्ष रुपमा अनुगमन मूल्यांकन गर्ने तथा अन्य प्राविधिक सहयोग गर्ने भएको छ ।

**विद्यालयमा शौचालय निर्माण र खानेपानी कार्यक्रम प्रारम्भः**

बाल विकास समाजले Borouge Pet Ltd. को आर्थिक सहयोगमा पाँचखाल नगरपालिका वडा नं. २ अनैकोट (ज्यामिरकोट) मा रहेको श्री ज्ञानोदय आधारभूत विद्यालयमा व्यवस्थित रुपमा शौचालय निर्माण र खानेपानी आपूर्तिका लागि School Toilet Construction and Water Supply Project संचालन भएको छ । गत असोज २३ गतेका दिन बाल विकास समााजका कार्यक्रम निर्देशक किरण थापाबाट औपचारिक पत्र सहित यस कार्यक्रम विद्यालयका बालबालिकाहरुको निमित्त प्रारम्भ भएको कुरा जानकारी गराउनु भयो । विद्यालयका शिक्षकहरु, विद्यालय व्यवस्थापन समिति, अभिभावक र अन्य सरोकारवालाहरुबीच भएको बैठकमा विद्यालयको विकासको लागि यस परियोजना महत्वपूर्ण हुने कुरामा विशेष गरी छलफल भएको थियो । यसका साथै बाल विकास समाज र विद्यालयको आगामी दिनमा हुने काम र भूमिका तथा जिम्मेवारीका बारेमा समेत छलफल गरियो । विद्यालय, स्थानीय सरकार र बाल विकास समाजबीचको समन्वय र सहकार्यमा प्रभावकारी रुपमा यस कार्यक्रम सम्पन्न गर्नुपर्ने कुरामा किरण थापाले जोड दिनु भएको थियो ।

**प्रस्तुतीः प्रदिपकुमार श्रेष्ठ**

## कम्युनिस्ट...

घाइतेहरुको आलो रगतबाट मुलुकमा नवीन परिवर्तनको बिहानी झुल्किएको हो । बामगठबन्धनप्रति आक्रोसित नेपाली कांग्रेस कम्युनिस्ट अधिनायकवादको हौवा पिटाइरहेको छ । वास्तवमा न त एमाले कम्युनिस्ट पार्टी हो न त माओवादी केन्द्र । बहुदलीय जनवादलाई आदर्श मान्ने एमाले र माओको आदर्शलाई छोडिसकेको माओवादी केन्द्र दुवै उस्तै पार्टी हुन् । माओको क्रान्तिकारी विचारलाई नेत्रविक्रम चन्दले खोसेर लगे । मोहन वैद्यले मार्क्सवादी जडसूत्रवादको खेती गरिरहेका छन् । हँसिया हथौडा अंकित लालझन्डा यी दुवै पार्टीको ट्रेडमार्क मात्र हो । नेपालमा वाम मतदाता सबभन्दा बढी छ । पार्टीलाई कम्युनिस्ट नभन्ने हो भने मत नपाउने डरले मात्र कम्युनिस्ट ट्याग बोकेका छन् दुवै दलले । जब दुवै पार्टी वास्तविक कम्युनिस्ट पार्टी होइनन्, तिनका नेता कम्युनिस्ट होइनन् भने उनीहरुले दुईतिहाईको संख्यामा जिते भने पनि कम्युनिस्ट शासन आउने होइन । फेरि किन कांग्रेस अधिनायकवादको रोइलो गरिरहेको छ ?

कांग्रेस, एमाले, माओवादी केन्द्र सबैको लक्ष्य समाजवाद नै हो । संविधानले पनि समाजवादको सपना बोकेको छ । यो एक्काइसौं शताब्दी हो १८ औं र १९ औं शताब्दीका मार्क्स र लेनिनको युग होइन यो । नब्बेको दशकमा सोभियत सत्ताको पतन भएपछि विश्व कम्युनिस्ट आन्दोलन निस्तेजप्रायः छ । पेरुमा गोन्जालोले छेडेको माओवादी आन्दोलन गोन्जालोको गिरफ्तारीपछि थला पऱ्यो । क्युवा मुस्किलले आफ्नो अस्तित्व जोगाउँदै आएको छ । भेनेजुयलामै ह्युगो विचारधारा सुस्ताइरहेको छ । संसदीय राजनीति गर्ने कम्युनिस्टहरु समेत जनउपेक्षित बनिरहेका छन् । भारतमा कम्युनिस्टहरु गत आम निर्वाचनमा नराम्ररी पराजित भए । त्यहाँको माओवादी आन्दोलनले पनि धमाधम धक्का खाइरहेको छ । नेपालमा भने कम्युनिस्टहरुको बिगबिगी छ । तर नक्कली कम्युनिस्टहरुको । वामगठबन्धन र लोकतान्त्रिक गठबन्धनबीच रुपमा भिन्नता भए पनि सारमा छैन ।

वामगठबन्धनका पछि चिनियाँ भूमिका र लोकतान्त्रिक गठबन्धनमा भारतीय भूमिका रहेको धेरैको बुझाइ छ । तर कतिपय विश्लेषकहरु वामगठबन्धन नै 'रअ' ले गराएको भन्न पछि पर्दैनन् । नेकपाका महासचिव नेत्रविक्रम चन्दले वामगठबन्धन भारत र अमेरिकाले गराएको दाबी गरेका छन् । वामगठबन्धनले दुईतिहाई बहुमत ल्याए पनि देशमा कम्युनिस्ट शासन आउने होइन । जो कम्युनिस्ट नै होइनन् उनीहरुले कसरी ल्याउँछन् कम्युनिस्ट शासन । उत्तरकोरियाको जस्तो निरंकुश शासन आउने भय कांग्रेस जनतालाई देखाइरहेको छ । उत्तर कोरियाले अमेरिकालाई थर्काइरहेको छ । नेपाललाई त्यो हैसियतमा ओली र प्रचण्डले पुऱ्याए भने गर्व किन नगर्ने ?

## भारतीय...

छिट्टै नाकामा समस्या समाधान हुने र यसका लागि आफूले विशेष पहल गर्ने बताइन् । सुनौली नाकामा भन्सार र प्रहरीले ट्याक्स भन्दै अवैध रूपमा रकम असुल्दै आएको व्यापारीहरु बताउँछन् । विभिन्न संघसंस्थाका व्यवसायीहरुले सुनौली नाकामा ट्राफिक समस्या, एकीकृत भन्सार चेकपोस्ट निर्माणमा भारतले चासो नदेखाउनु, क्वारेन्टाइन चेकपोस्ट नहुनु, प्रहरीको अवैध रकम असुलीलगायतका कारण समस्या उत्पन्न भएको र यसको समाधन गर्न आग्रह गरेका छन् ।

## डिभी...

दिन्छ । बुधबार न्यूयोर्कमा भएको आक्रमणमा डीभी चिठ्ठामार्फत् नै अमेरिका बस्दै आएको व्यक्तिको संलग्नता भएको पुष्टि भएपछि ट्रम्पले यस्तो प्रस्ताव ल्याएका हुन् । यो चिठ्ठामार्फत आतंकवादीहरु अमेरिका प्रवेश गर्ने माध्यम बनेकाले यसलाई खारेज गर्नुपर्ने ट्रम्पको जोड छ । 'मैले आजबाट डाइभर्सिटी भिसा (डीभी) को कार्यक्रम रद्ध गर्ने प्रक्रिया शुरु गरेको छु । डाइभर्सिटी भिसा सुन्दा मिठो लाग्छ, तर यो राम्रो होइन, त्यसैले हामी यसको विपक्षमा छौं ।' ट्रम्पले भनेका छन् ।

## बलिको...

कांग्रेस-माओवादी गठबन्धन टुटेपछि फैसला कार्यान्वयन भएकोलाई राजनीतिक रंग दिएर पनि हेर्न थालिएको छ । नेकपा एमाले र माओवादीको गठबन्धनले कांग्रेस नराम्रोसँग बिच्किएको छ । कांग्रेसको अभियान जसरी हुन्छ चुनाव भाँड्ने, बिथोल्नेमा पनि केन्द्रित रहेको देखिन्छ । कांग्रेस समर्थक वकिलहरु लाइन लागेर अदालतमा सानातिना इस्यु झिकेर मुद्दा हाल्न जानुको पछाडि पनि वाम एकताको पीडा स्पष्ट झल्किन्छ । शेरबहादुर देउवाले माओवादी मन्त्रीहरुलाई बिनाविभागीय बनाउनेदेखि लिएर बालकृष्ण ढुंगेलको गिरफ्तारी पनि यसैमा गाँसिएर आएको छ । जनयुद्धका वास्तविक नायक प्रचण्ड र बाबुराम हुन् । जनयुद्धका दौरानमा जति पनि हत्याकाण्डहरु भएका छन्, त्यसको जिम्मेवारी यिनीहरुले लिनुपर्छ । त्यसैगरी राज्य पक्षबाट भएका हत्याको जिम्मेवारी ज्ञानेन्द्र, शेरबहादुर, कमल थापालगायतले लिनुपर्ने हुन्छ । खोरमै हाल्ने हो भने प्रचण्डदेखि ज्ञानेन्द्रसम्मलाई हाल्नुपर्छ । बालकृष्णलाई मात्र बलिको बोका बनाइनु हुन्न भन्ने आवाज पनि आइरहेको छ । होइन भने दुवैतर्फबाट भएका गैरन्यायिक हत्याको वास्तविक छानबिन गरी पीडित पक्षलाई उचित क्षतिपूर्ति प्रदान गरिनुपर्छ । जनयुद्धका घटना खोतल्दै जाने हो भने बालकृष्ण मात्र होइन हजारौंलाई खोरमा हाल्नुपर्ने हुन्छ । नायकलाई छोडेर कारिन्दालाई मात्र थुन्ने काम न्यायोचित होइन ।

## चुनावको बेला...

आतंक मच्चाएका थुप्रै घटनाहरु छन् । नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्षको हत्यारा पनि अझै पक्राउ पर्न सकेका छैनन् । यो हत्या काण्डमा पनि भारतीय सुटरको प्रयोग भएको हुन सक्छ ।

नेपाल प्रहरीसँग संगठित अपराध र गुण्डागर्दी गर्ने सबै नेपालीहरुको तथ्यांक रहेको छ । नेपाली संलग्न अपराधको केस समाधान गर्न प्रहरी सक्षम छ । तर भारतीय अपराधी संलग्न केसमा भने प्रहरीले सफलता पाउन सकेको छैन । कतिपय केसमा भारतीय खुफिया एजेन्सी 'रअ' को समेत हात रहने गरेको चर्चा हुने गरेको छ । चाहे जोसुकैको हात रहे पनि प्रहरी प्रशासनले भारतीयबाट हुने संगठित अपराध नियन्त्रण गर्ने क्षमता विकास गर्नु जरुरी छ । नेपाली डनहरुलाई इन्काउन्टर गर्न सक्ने प्रहरीले भारतीय सुटरहरुलाई पनि इन्काउन्टर गर्ने हिम्मत गर्नुपर्छ ।

## पार्टी...

केपी ओलीलाई सत्ता हस्तान्तरण गर्ने भद्र सहमति भएको भनियो । तर सुशीलले उधारो सहमतिको पालना गरेनन् । माओवादीको समर्थनमा केपी ओली प्रधानमन्त्री भए । माओवादीलाई बजेट भाषणपछि सत्ता हस्तान्तरण गर्ने भद्र सहमति गरेको थियो एमालेले । तर ओलीले उधारो सहमति पालना गर्न चाहेनन् । माओवादी केन्द्रले ओलीलाई दिएको समर्थन फिर्ता लियो । कांग्रेस माओवादी केन्द्रबीच आलोपालो प्रधानमन्त्री बन्ने भद्र सहमति गरियो । प्रचण्डले झन्डै उधारो सहमति तोडेका थिए तर नयाँदिल्लीको दबाबअघि उनको केही लागेन । देउवालाई सत्ताको साँचो सुम्पिन बाध्य भए ।

पहिलो चरणको स्थानीय तह निर्वाचनमा कांग्रेस र माओवादी केन्द्रबीच चुनावी तालमेलको सहमति भयो । तर धेरै स्थानमा उधारो सहमति अर्थहीन देखियो । माओवादी केन्द्रले कांग्रेससँगको सहकार्य तोड्यो र एमालेसँग नजिकियो । एमालेले चालीस प्रतिशत सिट दिने भएपछि चुनावी तालमेल बन्यो दुई पार्टीबीच । कांग्रेससँग पनि माओवादीले एमालेको प्रस्ताव नपुऱ्याएको होइन तर त्यति धेरै सिट माओवादीलाई एमालेले दिनेछ भनेर कांग्रेसले पत्याएन । एमाले, माओवादी र नयाँ शक्तिबीच चुनावी तालमेल गर्दै पार्टी एकता गर्ने उधारो सहमति भयो । तर बाबुरामलाई गोर्खा २ बाट उम्मेदवार बन्न नारायणकाजी श्रेष्ठले टाङ अड्याएपछि उनले बामगठबन्धन छोडे र कांग्रेससँग टाँसिए । पसलहरुमा आज नगद भोलि उधारो लेखिएको हुन्छ । बाँकी उठाउन सकिँदैन ग्राहकले पैसा तिर्छ भन्ने ग्यारेन्टी नहुने हुनाले त्यस्तो लेखिएको हो । उधारोले सम्बन्ध बिगार्छ । एमाले माओवादी केन्द्रबीचको पार्टी एकताको उधारो सहमति पनि भताभुंग हुन बेर छैन ।

## कार्यकर्ता...

वितरण गर्ने निर्णय गरेको छ । गृह मन्त्रालयमा असाध्य बिरामीमा परेका कारण आर्थिक सहायताको निवेदन हाल्ने सर्वसाधारण र गैरराजनीतिक व्यक्तिहरु पनि नभएका होइनन् । तर उनीहरुको भागमा हात लाग्यो शून्य भएको छ । तर छानी छानी कांग्रेस कार्यकर्ताले ठूलो रकम कुम्ल्याएका छन् । उदयपुरका अर्जुन खड्काले १० लाख पाएका छन् भने महोत्तरीका सुजितकुमार ठाकुरले ५ लाख पाएका छन् । केदार चौलागाईं रामेछापले ४ लाख पाएका छन् । तीन लाख दुई लाख पाउनेको लिस्ट लामै रहेको छ । निर्वाचनमा कार्याकर्ता परिचालन गर्न राष्ट्रिय ढिकुटीबाट पैसा बाँडिएको गृहमन्त्रालयका एक उपसचिव नाम नछाप्ने शर्तमा बताउँछन् । राष्ट्रको सम्पत्ति आफ्ना बाबुको धन्सारको धान जसरी बेहिसाब खाने र खर्च गर्ने धमिराहरुबाट मुलुकको कहिल्यै उन्नति हुन सक्दैन ।

## हङकङमा...

उत्कृष्ट प्रदर्शन गर्दै स्वर्ण जितेका थिए । फाइनलमा नन्दले मकाउका वोङलाई अत्तिरिक्त समयमा पाखा लगाउँदै स्वर्ण जिते । चाइना हङकङ नेसनल तेक्वान्दो एलाइन्सद्वारा आयोजित प्रतियोगिताको महिला एकल पुम्सेमा मकाउकी हुई विङतिङलाई पछि पार्दै नेपालकी चन्दु शाहीले स्वर्ण पदक हात पारिन् । पुरुष ५४ केजीमुनि नेपालका पुष्पप्रसाद गौतमले नेपाललाई अर्को स्वर्ण दिलाउन सफल भए ।

प्रतियोगितामा नेपाल, हङकङ, चीन, मकाउ, फिलिपिन्स र इन्डोनेसिया गरी ६ राष्ट्रका २ सय ३० खेलाडीले विभिन्न ३१ स्पर्धामा प्रतिस्पर्धा गरेका थिए । प्रतियोगितामा नेपालबाट सहभागीमध्ये सबैभन्दा कान्छा खेलाडी १३ वर्षीय विवेक श्रेष्ठ पुरुष ३३ केजीमुनि पहिलो भए । उनले फाइनलमा मकाउका लाम छुनमाथि २१-१ को सानदार जित हात पारे । खेलको दोस्रो चरण सकिन १३ सेकेन्ड बाँकी छँदा विवेकलाई विजेता घोषित गरिएको थियो । महिलाको ३३ केजीमुनि नेपालकी अस्मिता नगरकोटीले रजत पाइन् । त्यस्तै एकल पुम्सेको पुरुषमा विवेक र पुष्प तथा महिलामा चन्दुले नेपालका लागि रजत जिते । पेयर पुम्सेमा अशोक र चन्दुको जोडी तथा पुरुष एकल पुम्सेमा नन्दले कांस्य हात पारे ।

### तेक्वान्दोमा पनि ५ स्वर्ण

यसैगरी ओपन अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिप २०१७ मा नेपालले ५ वटा स्वर्ण पदक जितेको छ । राष्ट्रिय तेक्वान्दो संघ नेपालको तेक्वान्दो टोलीले ५ स्वर्णसहित, २ स्वर्ण र १ कांस्य पदक जितेको राष्ट्रिय तेक्वान्दो संघ नेपालका महासचिव राजकुमार कार्कीले बताए ।

६३ केजी तौल समूहमा सुक्रबहादुर बीके र ४९ केजी तौल समूहमा विनिता घिमिरेले स्वर्ण पदक प्राप्त गरेका छन् । त्यस्तै पुरुषको ५१ केजी तौल समूहमा करण कोइरालाले स्वर्ण पदक हात पारेका थिए भने ६८ केजीतर्फ सञ्जय पुनले स्वर्ण पदक जितेका थिए ।

नियात्रा

खोमदत्त बराल

# बेलायतको सेरोफेरो-२



महँगो भने नचिताएको महँगो । एक गिलास चियालाई पचासी रुपैया निश्चय पनि निकै महँगो । एक गिलास जति पानी भएको वोतलको पानीको दाम चालिस रुपैया पर्दो रहेछ । त्यो पनि भारतीय रुपैया । हाम्रो काठमाण्डौका फाइफ स्टार होटेलमा पनि त्यति महँगो पर्दो होइन ।

विमान अड्डाको १५ नं. गेट छेउ बसिएको छ । यहाँबाट सपिङ्ग क्षेत्र भित्र पस्ने गेटमा माथितिर देखाएर काँड तालिएर प्रतिक्षालय लेखिएको छ । साइडतिर काँडले देखाएर फुड कोर्ट लेखिएको छ । सपिङ्गलाई भारतीयहरु खरिदारी भन्दा रहेछन् । गर्धन देखि माथिको ताँवोको बुद्धमूर्ति छ । पछाडी पट्टि सूर्य किरणलाई प्रतिविम्वित गर्ने चक्र बनाइएको छ । नेपालमा जन्मेका सिद्धार्थ गौतम बुद्धले भारतले यति राम्ररी सम्मान गरेको कारण के होला । नेपालको पानीलाई ठाउँ ठाउँमा बाँध बाँधेर उपभोग गरे झैं नेपालका मानिसलाई पनि उत्तिकै माया गर्न खोजेको हो कि । पक्का पनि त्यसो नहुन सक्दछ । गौतम बुद्धको मूर्ति बनाइनुको स्वार्थ फरक हुन सक्दछ । अन्तराष्ट्रिय क्षेत्रमा नै गौतम बुद्ध माथि प्रशस्त श्रद्धा र सम्मान भएकोले भारतले आफू पनि गौतम बुद्धको सम्मान गर्छु भन्न चाहेको पो हो कि । सायद यसो होइन होला पटक पटक गौतम बुद्ध नेपालको होइन भारतीय भूमिमा जन्मेको हो र भारतीय भूमिमा नै त्रानार्जन गरेर भारतमा नै ज्ञान बृद्धिको प्रचार गर्दै भारतमा महानिर्वाण प्राप्त भएकोले भारतले आफ्नो सम्मान बृद्धिको लागि गौतम बुद्धलाई उपभोग गर्न मात्र भारतीय भूमिमा मूर्ति बनाएर फूर्ति गर्न खोजेको हुनु पर्छ ।

राती सुतेको बाङ्गे खाटको छेउमा नै वसिएको छ । कति साह्रो माया । अफू एकछिन सुतेकैमा , आफ्नै जस्तो लाग्ने । कस्तो अपनत्व, कसरी ममत्व विकाश भएको होला । कोही मानिस आएर आफ्नो सिटमा बस्यो भने चित्त दुख्ने । रिस पनि उठ्ने । के भएको होला । यो रातभरीमा थरिथरिका मानिस यो वाङ्गे खाटमा आफ्नो आङ्गलाई अडेस लाए । हामी आउनु अघि एक जोडी युवा युवती बसेका थिए । कैले काहिं बैसले मात्तिएको व्यवहार प्रदर्शन गर्दै ढुकुरे मायाको झैं चुचो जोड्दै थिए । युवतीहरु अरु बढी लज्जालु हुन्छन् क्यारे । उनले चुच जोडनमा नमंजुर गरिन । दुई बजे राती तिर एउटा पंजावी भोटेले नातिनी ज्यानकि युवतीका साथ आएर घुँडा अडेसा लगाएर आरामी लियो । आफू विउझँदा त एउटी कुइरे युवतीले अर्धनग्न अवस्थामा निदाइकी रहिछिन । उठिन, बाहिर गइन । फेरि उही आकार र आकृतिमा निदाइन । यी यस्ता पटक पटकको आवतजावतले एकै रातमा सयौ जना प्राणीहरुलाई आनन्द दिन सक्ने यी वाङ्गे खाटहरुलाई म आफू ज्यादै ममत्व छोड्न वाध्य छु । कारण आफ्नो ढाडमा बोकेर वाङ्गे खाटले एक रात मात्र भएपनि एक सन्तुष्टि उपहार दिएको छ । १३ नं. गेटमा हाम्रो किंग फिसर हवाइ जहाज तयार छ । यहाँको रेष्ट रुप मजाको छु । जनेन्द्रिय निकाल्न नभ्याउँदै पानी धाराबाट निस्कन थाल्छ । पिसाबको गन्ध सुधी रहनु पर्दैन । हात धुन हात धारामा पुऱ्याउनै नपाउँदै पानी झर्छ । साबुल लगाउन साबुन आउँछ । हात सुकाउन देखाउने वित्तिकै गरम हावाले हात सुकाउदछ ।

हिथ्रो हवाइ अड्डामा बेलुकाको दश पैतालिसमा पदापर्ण भयो । हिथ्रो निकै ठूलो हवाइ अड्डा हो । चौथो टर्मिनल भित्र पसियो । भरिभराउ मानिसहरु छन् । अध्यागमनमा काम गने डेस्क पनि चालिस भन्दा पनि बढी छन् । यहाँ पनि भारतीहरुको निकै ठूलो बोल बोला रहेछ । एउटा पंजावी दारिवालले त्यहाँ पनि पक्षपात गऱ्यो । आफ्नो जातिय स्वार्थको कुरा । उसले आफ्नो जीन स्वार्थमा आफ्ना मानिसलाई लाइन लाग्नु पर्ने नियमलाई नै मिचेर अगाडि बढायो । सारै ढिलो त भएन , तर नियम मिच्नु अपराध हो । काम भने नेपालमा भन्दा छिटो हुँदो रहेछ । अफ्रिकन महिला हाम्रो डेस्कमा रहिछिन । केही सोधीन् । बेलायतको ठेगाना सोधेको थियो । फोन मात्र दिएको तर खोजी नीति धेरै गरेकोले छोरीको प्रमाण र चिठी दिए पछि चित्त बुझेछ क्यारे अध्यागमनको काम सकियो ।

सामान लिने ठाउँमा धेरै केन्द्र रहेछन् । वम्वैबाट आउने केन्द्रमा गएर पर्खिएछ । दिल्लीबाट आएको प्लेनहरुको सुटकेस र सामानहरु अर्कै ठाउँमा आउँदा रहेछन् । सात नम्बर केन्द्रमा गए पछि मात्र आफ्ना समानहरु पाइयो । "लगनको बेलामा हगन" भने झैं उमाजीलाई रेष्टरुम जान हतार भएछ । आफू भने सामानको ट्रली समातेर निकै वेर पर्खनु पऱ्यो । सामान लिएर वाहिर निस्केपछि उमाजी छोरीलाई फोन गर्न खोज्दा भित्र पस्न दिएन । वम्वैका एकजोडी परदेशीको फोन मागेर छोरीलाई फोन गरेको लागिन । असिम बाबुलाई फोन गर्दा मात्र कन्ट्याक भयो । एयरपोर्ट तर्फ आउँदै गरेको खबर पाइयो । निकै समय करिव पैतालिस मिनेट पर्खे पछि मात्र छोरी र असिम वाकर आई पुगे । गैठा काटेका पौडेल जोडी पनि आमाको आगमनको लागि पर्खिरहेका थिए । फोन गर्दिन उत्साही थिए । हामीले भर्खरै फोन गरेको कुरा सम्झाएर धन्यवाद चढाए । युवती चाहि नर्स रहिछन् । बेलायतको कुन अस्पतालमा काम गर्दै गरेको कुराले आईलाई पनि आनन्द लाग्यो । विकासका गतिमा पाइला चाल्न नै नसकेको नेपालका नागरिकहरु बेलायतमा सम्मानित काम र दाममा जुट्न सकेकोमा खुशी नै लाग्छ ।

असिम बाबु र छोरी आइ पुगे । उनीहरुले हात हल्लाए अध्यागमनको बाहिरी लाइनमा पर्खेर वसिएको थियो । बाहिर निस्कियो । केटाकेटीले ट्रेनको बाटोमा ल्याइ पुऱ्याए । सुटकेस निकै गह्रौ थिए । खासै काम लाग्ने सामान नभए पनि दैनिकी कामका सामानले सुटकेशलाई गह्रौ बनाएको थियो । एउटा असिमले र एउटा छोरीले सुटकेस बोकेका थिए । अरु दुइटा झोला आफैले बोक्नु पऱ्यो ।

मेट्रो ट्रेन दिल्लीमा चढिएको थियो । बेलायती ट्रेन पनि उहीं पाराको रहेछ । हुन त भारतीय भूमिमा बेलायतको राम्रो प्रभाव छ । तर ट्रेन भने यहाँको भन्दा अलि बढी सुव्यवस्थित पाराले चलाएको पाइयो । हिथ्रोबाट बुलि वीच आइपुग्न करिव दुइ घण्टा लाग्यो । तीन ठाउँमा ट्रेन फेर्नु पर्दो रहेछ । वाटाका स्टेसन सम्झेर पनि साध्य छैन । पहिलाको मुख्य बजारको रुपमा रहेको बुलवीच हातामा पनि राम्रो सुविधा युक्त बजारको रुपमा छ । यहाँ अलिकति दिल्लीको इन्दिरा गान्धी हवाइ अड्डामा फर्कन मन लाग्यो । रातभरी विहान भरी गेट नं. १५ को वरिपरि विताइयो । काठमाण्डौको सुन्दरीजल जाने बाटामा घर भएको एउटा भाइ केटो र वी एल शर्माको नाती अदित्वसंग भेट भयो । कुराकानीमा धेरै समय वित्यो । करिव १२ बजे तिर धुहियो । आदित्य बेलायतबाट काठमाण्डौ फिर्दै रहेछ भने सुन्दरीजलको भाइ चाही बेलायततिर नै पढ्दै रहेछन् । उनीहरु कफी खान लागे । हामी आफ्नो गेट नै १३ तिर लाग्यौं । हामीसंग केही निषेध गरिएका सामान पनि रहेछ । केस सिधा पार्ने केमिकल लगायतका सामानलाई निषेध गरिएको छ । छोरीले मागेको छ भन्दैमा पाँच सात थान क्रीम स्रीम लगायतका सामान, मसला चिउरा के के बोकेको रहेछ । काठमाण्डौमा नै केही अवरोध गरेको थियो । तर भन्सुन गरेर नेपालीको मन जितियो । तर मौकाको कुरा दिल्ली एयरपोर्टमा बसेका किंग फिसरका कर्मचारीले पनि पत्ता लगाउन सकेनन् । धेरै ठाउँमा जाँच गरे पनि ।

सुरक्षाकर्मी, सामान्य प्रशासनिक कर्मचारी भन्दा अलि बढी नै कठोर पनि हुन्छन् । ज्ञान पनि पेशागत रुपमा बढी नै हुनुपर्छ । तर विवेकको भाँडो बन्द नै रहन्छ । यसै क्रममा उमाजी अगाडि थिइन् । बोर्डिङ पास र पासपोर्ट टिकट जाँचको क्रममा नेपाली भनेर छुट्टै टेबलमा लिएर गाये । सबै कुरा हेऱ्यो । पासपोर्टमा टाँसेको पारदर्शी कागज उप्काउन खोज्यो । निकै जवर्जस्ती पाराले हेऱ्यो । केहि पाएन । पछि मेरो राहादानी हेऱ्यो । मेसिन रिज्यवल पासपोर्ट देख्यो है, यो राम्रो भऱ्यो । बेलायतमा छोरी भएको कुरा पूर्व प्रसित कागज पत्रबाट थाहा पाएको थियो होला । छोरी बेलायतमा भनेर सोध्यो । निकै बेर अलमल गरायो ।

यो यात्रुलाई भने भारतीयहरुको हेपाहा प्रवृतिमा कैलै चित्त बुझाउन पाएको होइन । कसरी यी भारतीयहरुले हामी नेपालीलाई विशेष निगरानी गर्ने होलान । नेपाली नागरिकहरु निगरानी नै गरिनु पर्ने अपराधीका दर्जामा नै छन् त । होला, सांसद भएर रातो पासपोर्ट लिने कथित विशिष्ट नागरिक आफ्नो पासपोर्ट बेच्छन् र दुई पैसा आर्जन गर्न लोभिन्छन् । अध्यागमन विभागका कर्मचारीहरु आफ्नो इज्जत इमान जिम्मेद्धारीलाई अनादर गर्दै गैर कानूनी काम गर्नमा महान सम्झन्छन् । धेरै व्यापारीहरु नक्कली भ्याट विलको सहारामा पेशा व्यवसाय संचालन गर्छन । ठेकेदारहरु सुहान डाफर काण्ड त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल मर्मत गर्दा अपराधपूर्ण काम गरेर पैसा कमाउँछन् र अन्तराष्ट्रिय स्तरमा नै वद्नाम कमाउँछन् । अनि हामी जस्ता स्वाभिमानी सोझा नागरिकहरुले यात्रा गर्दा सबैतिर संस्कृत पात्रका रुपमा शंका आशंका गर्छन । के यसलाई स्वभाविक रुपमा आत्मसम्मान र आत्मा गौरबमा खोट लाग्न दिइ रहने हो र उपाय के छन छैन यो शासक कहलिएका लोति खरे लोभी पापीबाट आम नेपालीले गौरव गर्ने ठाउँ पाइएला भन्ने विश्वास छैन । त्यस्ता वातावरण तयार गर्न सक्लान भन्ने पनि सकिदैन । शंकै छ ।

जसो तसो ठाउँमा बसियो । सिट नम्बर के र एच भएको २७ नम्ब परेछ । के एच, टाडाको अल्फावेट भए पनि ओल्लो पल्लो सिटमा नजिकै एउटै ठाउँमा परिएछ । सिटबार उमाजी गुनासो गर्दैथिन् । तत्काल गुनासो निवारण भयो । वास्तवमा अर्काको आसामा भोक धान्न सकिदैन । विहान हल्का फुल्का मात्र खाना खायएको थिए । एक बजे सम्म धान्न गाहै थियो । प्लेनमा पनि पहिला पानी ल्याइदियो । त्यस पछि मेनु पने ल्याएर दिन्छ । अति अलि रिस पनि उठ्यो ।

क्रमशः)


# नेकपा मालेको आह्वान : हँसिया तारामा मतदान

राष्ट्रियताको प्रबर्द्धन, भ्रष्टाचार, प्रदूषणमुक्त समाजको निर्माण, स्वदेशमै रोजगारी र आर्थिक समृद्धिका लागि नेकपा (माले) को हँसिया तारा अंकित चिन्हमा मतदान गरी प्रत्यक्ष तथा समानुपातिकतर्फका उम्मेदवारहरूलाई विजयी गराऔं ।

चुनाव चिन्ह

नेकपा (माले) चुनाव प्रचारप्रसार समिति